# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १३३ | काठमाडौं | आइतबार, १७ भदौ २०८० | Prabhab National Daily | Sunday, September 3, 2023 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


## डेंगीको संक्रमण बढ्दो

■ प्रभाव संवाददाता

काठमाडौं- नेपालमा डेंगी संक्रमण दिन प्रतिदिन बढिरहेको छ । स्वास्थ्य मन्त्रालय मातहतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सार्वजनिक गरेको तथ्यांकअनुसार हालसम्म डेंगी संक्रमण २१ हजार २०६ जनामा पुष्टि भएको छ ।

- २१ हजार २०६ जना पुग्यो डेंगी संक्रमित
- शनिबारसम्म १३ जनाको मृत्यु
- डेंगी संक्रमणको 'इपिसेन्टर' बन्यो धरान
- लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान प्रभावकारी देखिएन

महाशाखाले यसअघि भदौ र असोजमा डेंगी संक्रमण उच्च हुने प्रक्षेपण गरेको थियो । सोहीअनुसार संक्रमण लगातार बढ्दो छ । संक्रमणबाट शनिबारसम्म १३ जनाको ज्यान गएको महाशाखाले जनाएको छ ।

महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासनीले पानी परिरहेकाले डेंगी संक्रमण दैनिक रूपमा बढेको बताए ।

नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेंगी देखिएको थियो । त्यसको १८ वर्षपछि सन् २०२२ (गत वर्ष) मा ५४ हजार ७८४ जनामा संक्रमण भएको थियो । जतिबेला ८८ जनाको मृत्यु भएको थियो ।

डेंगी संक्रमणको 'इपिसेन्टर' भने देशको पूर्वी क्षेत्र कोशी प्रदेशको धरान देखिएको छ । महाशाखाका अनुसार सुनसरीमा ११ हजार ६५९ जनामा डेंगी संक्रमण छ । यो भनेको देशभर भएको डेंगी संक्रमणमध्ये आधाभन्दा बढी हो । संक्रमितहरू बढी हुँदा अस्पतालहरूमा शयचा नपाउने समस्या छ । बिरामीलाई भुइँमै राखेर उपचार गराउनुपर्ने बाध्यतामा अस्पतालहरू छन् । यस्तो समस्या बढी सामना गर्नुपर्ने धरान नै देखिएको छ ।



धरानपछि मोरङमा दुई हजार २४२ जना संक्रमित छन् ।

बागमती प्रदेशमा पर्ने धादिङमा पनि संक्रमण फैलँदो छ । महाशाखाका अनुसार त्यहाँ दुई हजार १०१ जना डेंगी संक्रमित छन् । झापामा एक हजार ३२३ जना, काठमाडौंमा ४२७, धनकुटामा ३३६, संखुवासभामा २७२, कास्कीमा २६०, दार्चुलामा १९४ र ललितपुरमा १७४ जना डेंगीका बिरामी भेटिएका छन् ।

डेंगी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले पार्ने फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेंगी रोग लाग्छ ।

यति हुँदाहुँदै पनि सरकारले लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान प्रभावकारी रूपमा सञ्चालन गरेको छैन । सरकारले संक्रमित बिरामीको उपचारसमेत सहजरूपमा गराउन नसकेको सरोकारवालाको गुनासो छ ।

# माओवादी सुध्रिन जनतासँग

- माओवादी र जनताबीच टुटेको सम्बन्ध पुनः जोड्ने प्रयास
- माओवादी नेताहरूको आचरण र विकृत बन्दै गएको व्यवहारप्रति जनताको प्रश्न
- जनतासँग सम्बन्ध कायम गर्ने र उनीहरूको बीचबाटै सुध्रिने माओवादी नेताहरूको उद्घोष
- २५ लाख मतदाता भेट्ने माओवादी अभियानको लक्ष्य



**तीन महिने 'जनतासँग माओवादी' अभियान उद्घाटन गर्न शनिबार काठमाडौंको चन्द्रागिरिमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल ।** *तस्बिरः रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** गठबन्धन सरकारको नेतृत्व गरिरहेको दल नेकपा (माओवादी केन्द्र) पूरै रूपान्तरण हुने भन्दै जनतामाझ गएको छ । अब तीन महिनासम्म उक्त दलका नेताहरू जनता सँगसँगै हुने बताइएको छ ।

आचारण र व्यवहारमा नेताहरू बिग्रिएको र जनतासँगको सम्बन्ध पनि टुटेको विश्लेषणका आधारमा माओवादी रूपान्तरणमा लागेको हो । 'जनतासँग माओवादी' नाम दिइएको अभियानमार्फत माओवादीले रूपान्तरणको प्रयास थालेको छ ।

शनिबार प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहालले काठमाडौंको चन्द्रागिरिबाट जुममार्फत अभियानको उद्घाटन गरे । अभियानपछि माओवादी जनताको भरोसायोग्य पार्टी बन्ने उनको दाबी छ । कतिपय गल्ती, कमजोरी रहे पनि इतिहासबाट पाठ सिक्दै माओवादी बलियो र क्रान्तिकारी पार्टी बन्नेसमेत उनले बताए ।

'माओवादी आन्दोलनसँग जनताको विशेष आत्मीयता, अपेक्षा र केही असन्तुष्टि छन् । हाम्रो (माओवादी) नेतृत्वमा सरकार बनेपछि जनतामा अब केही हुन्छ, श्रमजीवि जनताले देखेका सपना पूरा हुन्छन् भन्ने आशा पलाएको पाएको छु,' उनले भने ।

> सरकारले गरेका सुशासनमुखी कामबाट राजनीतिप्रति नै भरोसा जागेको छ । हामी वाचा गर्छौं, हाम्रा कदम अग्रगमनबाट विचलित हुने छैनन् ।
>
> ■ **पुष्पकमल दाहाल**
> **अध्यक्ष तथा प्रधानमन्त्री**

> हाम्रो रूपान्तरण उल्टो भयो । क्रान्तिकारी बन्दै जनताको सेवामा लाग्नुपर्ने हो खासमा तर, पूरै पैसामुखी भयौं । त्यसका लागि जे पनि गर्ने भयौं ।
>
> ■ **मातृका यादव**
> **उपमहासचिव**

अभियानको क्रममा २५ लाख मतदातासँग भेट गर्ने महत्त्वाकांक्षी लक्ष्य माओवादीले लिएको छ । गत वर्षको ४ मंसिरमा भएको निर्वाचनमा भने माओवादीलाई ११ लाख ६६ हजार ७२३ जना मतदाताले मत दिएका थिए । तर, अभियानमार्फत दोब्बर बढी मतदातासँग भेट्ने माओवादीले जनाएको छ ।

हरेक संसदीय निर्वाचनमा माओवादीको जनमत लाखौं लाख घटिरहनु र माओवादी नेताहरूको आचरण-व्यवहार पनि पूरै बिग्रिएको भन्दै जनतासँग सुध्रिने वाचा गर्न मओवादी नेताहरूले गर्नेछन् । सोही क्रममा अध्यक्ष दाहाल नेतृत्वको सरकारले गरेका कामहरू अभियानमार्फत जनतालाई थाहा दिने अर्को लक्ष्य माओवादीको छ । जनतालाई भ्रष्टाचार, तस्करी र ठगीजस्ता अपराधविरुद्ध सशक्त ढंगले खडा भएर माओवादीले सुशासन कायम गर्ने विश्वास जनतामा भएको पनि प्रधानमन्त्री दाहाल बताउँछन् ।

'सरकारले गरेका सुशासनमुखी कामबाट राजनीतिप्रति नै भरोसा जागेको छ । हामी वाचा गर्छौं, हाम्रा कदम अग्रगमनबाट विचलित हुने छैनन्,' उनले भने, 'जनताले देखेका सपना, जनताका अपेक्षा पूरा गर्ने दिशामा हाम्रो राजनीति र हाम्रो संगठन गतिशील हुनेछ ।'

१० वर्षे सशस्त्र विद्रोहको क्रममा माओवादी नेता कार्यकर्ताहरू कठोर अनुशासनमा थिए । संसदीय राजनीतिक भासमा फसेपछि उनीहरूमा विचलन आएको स्वयं स्वीकार्छन् । पार्टी र आन्दोलनमाथि नै प्रश्न उठ्नेगरिको गतिविधिमा माओवादी नेताहरू देखिएका छन् । **(बाँकी पृष्ठ २ मा)**

**सन्दर्भ : वैदेशिक रोजगार**

### लेबनानमा नेपाली श्रमिकको माग

## श्रम सम्झौताको तयारीमा मन्त्रालय

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि नेपालीहरूलाई लेबनानमा प्रशस्तै अवसर रहेको बताइएको छ । लेबनानको श्रमबजारमा नेपालीहरूका लागि उपयुक्त रोजगारीको अवसर रहेको त्यहाँका अवैतनिक महावाणिज्यदूत एलचेख मोहम्मद गोजाएलले बताएका छन् ।

गत साता श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई भेट गरी गोजाएलले लेबनानमा विभिन्न क्षेत्रमा रोजगारीको अवसर रहेको भन्दै नेपालीलाई रोजगारी दिने प्रस्ताव गरे । विशेषगरी लेबनानमा घरेलु कामदारको माग उच्च रहेको बताइन्छ । सोही कारण तत्कालका लागि नेपाली श्रमिकलाई रोजगारी दिने प्रस्ताव गरेको बुझिएको छ ।



लेबनानको प्रस्तावमा मन्त्री भण्डारीले श्रम समझदारीका लागि मस्यौदा बनाएर आदानप्रदान गर्ने र सोही आधारमा अगाडि बढ्न सकिने बताए । 'लेबनानमा विभिन्न क्षेत्रमा रोजगारीको अवसर छ, नेपालीहरूलाई लैजाने वातावरण बनाउनुपर्‍यो भन्ने प्रस्ताव आएको छ,' उनले भने, 'दुई देशबीच श्रम समझदारी गरेर अगाडि बढ्ने ठाउँ छ, त्यसका लागि अहिले आवश्यक अध्ययन गरी समझदारीका लागि ड्राफ्ट बनाएर आदानप्रदान गर्ने विषयमा छलफल भएको छ ।'

लेबनानले नेपाली श्रमिक लैजान प्रस्ताव गरेसँगै श्रम मन्त्रालय आवश्यक तयारीमा जुटेको छ । 'लेबनानले रोजगारीका लागि नेपाली श्रमिक लैजाने प्रस्ताव गरेपछि श्रम समझदारी गरेर अघि बढ्नुपर्छ भन्नेमा हामी प्रस्ट छौं र उताबाट पनि सकारात्मक संकेत आएका कारण सम्झौताको ड्राफ्ट बनाउनेसम्बन्धमा गृहकार्य भइरहेको छ,' मन्त्रालयका सहसचिव राजिव पोखरेलले भने ।

हाल लेबनानमा एक हजार २०० भन्दा बढी नेपाली श्रमिक रहेको बताइएको छ । त्यहाँ व्यक्तिगत श्रम स्वीकृति लिएर जाने गरेको वैदेशिक रोजगार विभागको तथ्यांकले पनि देखाएको छ । विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९-८० मा ५४ जना नेपाली व्यक्तिगत श्रम स्वीकृति लिएर लेबनान गएको देखिन्छ ।

लेबनानले घरेलु श्रममा मात्र नभई निर्माण तथा हस्पिटालिटी क्षेत्रमासमेत कामदार लैजान सकिने जानकारी दिएको पोखरेलले बताए । अहिले ठूलठूला भवन निर्माण एवं होटेल खुलिरहेको भन्दै त्यसका लागि केही नेपाली कामदार लैजाने प्रस्ताव गरेको हो ।

## साउदीमा थप ६४ जनाले पाए 'एक्जिट भिसा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ६४ जना नेपाली श्रमिकले 'एक्जिट (बहिर्गमन) भिसा' पाएका छन् । रियादस्थित नेपाली दूतावासको पहलमा साउदीको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका ६४ जनालाई एक्जिट भिसा दिएको हो ।

एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले जतिसक्दो चाँडो साउदी छाडिसक्नुपर्ने दूतावासले जनाएको छ । नेपाली श्रमिकहरूको बाक्लो उपस्थिति रहेका दमाम क्षेत्रबाट प्रक्रिया अगाडि बढाएका उनीहरूलाई एक्जिट भिसा दिइएको दूतावासले उल्लेख गरेको छ । एक्जिट भिसा प्राप्त गरेका नेपालीहरूलाई समयमै भिसाको म्याद हेर्न पनि दूतावासले आग्रह गरेको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत कुनै पनि निकायमा रकम बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने दूतावासले प्रस्ट पारेको छ । अगस्ट महिनामा मात्रै साउदीबाट २८९ जना नेपाली श्रमिकहरूले एक्जिट भिसा पाएको दूतावासको तथ्यांकले देखाएको छ । यसरी अप्ठेरोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने जनाइएको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**


- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।



- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।



- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।



- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।



- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।



- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।



**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**
**दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं



रोपाईं जात्रा | काठमाडौंको टोखामा गाईजात्राको भोलिपल्ट शनिबार रोपाईं जात्रा मनाउँदै नेवारी समुदाय । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# बोडेको मल्लकालीन द्यो प्याखँ प्रदर्शन जारी

**भक्तपुर–** मध्यपुर थिमि नगरपालिका-८ र ९ बोडेको ऐतिहासिक एवं धार्मिक महत्त्वको तान्त्रिक विधि विधानयुक्त मल्लकालीन बोडे द्यो प्याखँ अर्थात् नीलबाराही गणनाच जारी छ ।

गाईजात्राको भोलिपल्ट अर्थात् भाद्र कृष्ण द्वितीया (गुँलागा द्वितीया)देखि पञ्चमीसम्म चार रात, चार दिन प्रदर्शन गरिने यो प्याखँ बोडेको नारायणथान लाछीबाट सुरु भएको हो ।

बोडे द्यो प्याखँको देवगणमा भैरव एक, बाराही चार, कुमारी चार, सिंह चार, द्वारपाल दुई र गणेश चार गरी १९ जनाको समूह हुन्छ । देवगणका जोकल (सहयोगी) र बाध्यबाधक गरी १०० जनाभन्दा बढी व्यक्ति यो नाचमा क्रियाशील हुने गुठीका नाइके प्रेमचन्द्र अदुवा श्रेष्ठले जानकारी दिए ।

बोडे द्यो प्याखँ तान्त्रिक विधि विधानयुक्त नाच हो । यसमा कठिन विधि विधान रहेको श्रेष्ठले बताए ।

'यो नाचमा देवता बनेर नाच्ने व्यक्ति नाच्नका लागि घरबाट निस्केदेखि कसैसँग बोल्न नहुने, हावाहुरी र ठूलै पानी परे पनि कतै ओत लाग्न नहुने, घामपानीबाट बच्न छाता ओढ्न नहुने, तीर्खा लागे पानी पिउन नहुने, थकाइ लागे कहीँकतै बस्न नहुने र बस्नै पर्ने भए जोकलको तीघ्रामा मात्र आसन लगाएर बस्नुपर्ने, दैनिक १४/१५ घण्टा थकाइ नभनी नाच्नुपर्ने विधान छ,' उनले भने ।

यो प्याखँ बोडेको लायकु छें, विष्णुघाट, महालक्ष्मी थान, भाँगुटोल, खोंसी टोल, नीलबाराही स्थान हुँदै पुनः नारायणथानमा प्रदर्शन गरिन्छ । नाचमा धाँ बाजा, भुस्या, काँय, पाँगा बाजाको तालमा परम्परागत शैलीमा देवी र देवगण नाच्ने गुठीका नाइके श्रेष्ठले बताए ।

यो प्याखँमा एक पटक देवता बनेपछि उनको मृत्यु नभएसम्म उनको स्थानमा अर्को व्यक्तिलाई देवता बनाउन नहुने विधान रहेको छ । 'देवता बनेको व्यक्ति भागेमा, विदेश गएमा, बिरामी भएमा उनको मुकुण्डो देव घरमा राखेर पूजा गरी राख्ने तर उसको स्थानमा अर्को व्यक्तिलाई देवता बनाउन नहुने विधान छ,' श्रेष्ठले भने ।

यो प्याखँ कहिलेदेखि सुरू भएको भन्नेबारे यकीन प्रमाण फेला परेको छैन । भक्तपुरको नवदुर्गा नाचसँगै नीलबाराही नाच सुरू भएको स्थानीय बताउँछन् । प्रचलित किम्वदन्तीअनुसार परापूर्वकालमा बोडेको उत्तरपूर्वी दिशाको जंगलमा रहेकी नीलबाराही देवी मानिसको रूप धारण गरी बोडे सहरमा आएर स्थानीय धों जातका एक मानिसलाई जंगलमा लगेर चार दिनसम्म राखी यो नाचको सम्पूर्ण विधि सिकाएर पठाएको र उनैले यो नाच सुरू गरेको हो ।

नीलबाराही स्वयं मनुष्यको रूप धारण गरी सिकाएको विश्वास रहेको यो नाचका लागि आवश्यक सामान र बाजागाजासमेत देवी स्वयंले नै बनाएर पठाएको विश्वाससमेत रहेको छ । यसको प्रमाणका रूपमा भैरवले लगाउने तामाको माला रहेको छ । त्यो माला त्यही धों भन्ने व्यक्तिको घरमा गएर लिन जानुपर्ने र नाच सकेपछि पुऱ्याउन जानुपर्ने प्रचलन रहेको छ ।

यो प्याखँमा देवगणका देवताले आफ्नो सम्पूर्ण खर्च आफू स्वयंले नै बेर्होनुपर्दछ । गुठी नाइके श्रेष्ठले भने, 'देवतालाई चढाएको भेटी गुठीको कोषमा जम्मा हुन्छ । गुठीमा करिब पाँच रोपनी जग्गा छ, त्यसैको बालीबाट यो नाचको तयारी गरिन्छ ।'

उनका अनुसार भेटीबाट संकलन भएको रकमले अन्तिम दिन सामूहिक रूपमा भोज खाने गरिन्छ ।

बोडे द्यो प्याखँ मल्लकालदेखि अटुट रूपमा चल्दै आएको नाच हो । कतिपय गणनाच लोप भइसकेका छन् र लोप हुने अवस्थामा पुगेको छ । मध्यपुर थिमिकै नगदेशमा महाकाली, थिमिको लाय्कू भैलः, थिमि भैलःलगायतका गणनाच र सलँचा प्याखँ, पुलु किसी प्याखँ, इन्द्र अप्सरा, मयुर नाचलगायत परम्परागत नाच लामो समय बन्द हुने र केही युवाको सक्रियतामा यदाकदा सञ्चालनमा आउने गरेका छन् ।

**थिमिमा भैरव नाच सुरू**

मल्लकालदेखि सुरु भएर प्रत्येक वर्ष मध्यपुर थिमिमा गाईजात्राको भोलिपल्टदेखि लगातार चार रात मनाइने प्रसिद्ध ऐतिहासिक एवं तान्त्रिक शक्ति बोकेको भैरव नाचको सुरु भएको छ ।

मध्यपुरथिमि नगरपालिका-६ स्थित चपाचो द्यः छेंःबाट सुरु भएको भैरव नाच चपाचो नास द्यः गणेश मन्दिर प्रांगण, गार्चा गणेश मन्दिर अगाडि, थामद्यः, गुंग चिवा अगाडि र पछाडि, कुतिं चिवाः, हात्ती महाँकाल, दिगु टोल, इना लाछी, लायकु, दतलय, मरुटोल, बालकुमारी पछाडि, बालकुमारी अगाडि, बालकुमारी भैलः द्यः अगाडि, दिगु टोल भैल द्यः अगाडि, दिगु टोल नारांद्य, कृचि तिवा, कुम्हाननी, तुलंननी, नासननी, चपाचो, जंलाननी, चपाचो द्यः छेंमा रातभरि नाच प्रदर्शन गरिएको हो ।

तन्त्रमन्त्रद्वारा दैवी शक्तिको आह्वान गरी शरीरमा दैवी शक्ति धारण गरेपछि सुरु हुने भैरव नाचमा भैरव दुई जना, दांगी दुई जना र ज्यापुंगचा एक जना गरी पाँच जनाको टोलीले रातभर नाच प्रदर्शन गरेका हुन् । नाचमा धांः बाजा, भुस्याः, पोंगा र स्वाय्ली बाजा बजाएर सोही बाजाको तालमा नाच्ने गरिन्छ ।

यस वर्षको नाचमा सरगत प्रजापति ज्यापुंगः चा, श्यामसुन्दर प्रजापति म्यापा भैल अर्थात् भैरव, राजन प्रजापति लु भैलः अर्थात् भैरव, निरोज प्रजापति न्हापा दांगी र नयन प्रजापति लु दांगी बनेर नाचिरहेको स्थानीय रामकृष्ण शंखदेवले जानकारी दिए ।

धांः बाजाको विभिन्न ३० देखि ३२ तालमा नचाउने यस नाच विभिन्न टोल तथा देवालयमा दुईदेखि तीन तालसम्म मात्र नचाइने चलन छ भने नृत्यनाथ (नसःद्य)को प्रांगणमा भने सबै तालमा नचाउने गरिन्छ । मन्त्रोचारण गरी नाच निकालिसकेपछि नाच समापन नभएसम्म देवता बनेर नाच्ने व्यक्तिले कसैको जुठो खान नहुने, शुद्ध भएर बस्नुपर्ने प्रवधान रहेको छ ।

प्राचीनकालमा मध्यपुरथिमिमा भूत, प्रेत, पिसाचले दुःख दिन थालेको त्यसको निराकरण गर्न प्राचीनकालमा लाय्कु भैलःको रूपमा भैरव नाचको चलन चलेको तथा पछि जनस्तरबाट पनि भैरव नाच निकाली भूत, प्रेत, पिसाच भगाउने गरेको जनविश्वास रहेको छ ।

आर्थिक अभावकै कारण मध्यपुरमा लोप भइसकेको यो जात्रालाई स्थानीय बासिन्दाले विगत केही वर्षयता पुनः सञ्चालनमा ल्याएपछि यस वर्ष पनि जात्रा सञ्चालन गर्न एक महिनादेखिको तयारी गरिएको थियो भने १५ दिन अगाडिदेखि देवगण बन्नेले तान्त्रिक विधिअनुसार नाच सिकेका थिए । *रासस*

## माओवादी...

पृष्ठ १ बाट जारी

नौ किलो सुनकाण्डमा शान्ति वार्ताका माओवादीतर्फका एक जना वार्ताकार कृष्णबहादुर महरा मुछिएका छन् । उनका छोरा राहुल प्रहरी नियन्त्रणमा छन् । अर्का एक छोरा पनि सोही काण्डमा मुछिए ।

६० किलो बढी सुनकाण्डमा भने उपमहासचिव वर्षमान पुनको नाम जोडियो । तर, अहिलेसम्म उनको संलग्नता खुलेको छैन ।

निकै चर्चित बनेको नक्कली भुटानी शरणार्थी काण्डमा युद्धदेखि शान्तिकालसम्मै प्रभावशाली पूर्वमाओवादी नेता टोपबहादुर रायमाझी र उनका छोरा हिरासतमा छन् । पूर्वमाओवादी नै नेता रहेका रामबहादुर थापा, उनका श्रीमती र छोरा पनि यही प्रकरणमा मुछिए ।

यस्ता अनेकौं विकृत पक्षले माओवादी नेताहरू बिग्रिएको पुष्टि गर्ने भन्दै अभियान सञ्चालन गर्नैपर्ने बाध्यता भएको उपमहासचिव मातृका यादवले प्रभावलाई बताए । 'हाम्रो रूपान्तरण उल्टो भयो । क्रान्तिकारी बन्दै जनताको सेवामा लाग्नुपर्ने हो खासमा,' यावदले थप भने, 'तर, पूरै पैसामुखी भयौं । त्यसका लागि जे पनि गर्ने भयौं । अझ कार्यकर्तादेखि जनतासम्मै शासन गर्ने पो भयौं । यसले हामी बिग्रिएका देखाउँछ नि ।'

१६ वर्षअघि भएको पहिलो संविधानसभा निर्वाचनमा माओवादीलाई जनताको अभूतपूर्व विश्वास थियो । परिणामतः माओवादी पहिलोपटकको निर्वाचनबाटै प्रत्यक्षतर्फ १२० सिट (बहुमत) र समानुपातिकतर्फबाट १०० सिट गरी २४० सिटसहित पहिलो दल बनेको थियो । पछि वर्तमान उपाध्यक्ष नारायणकाजी श्रेष्ठको नेतृत्वमा नेकपा संयुक्तको एउटा समूह माओवादीमा विलय भएपछि माओवादीको २४१ सिट भएको थियो ।

तर, २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा माओवादीप्रतिको जनविश्वास ह्वात्तै घट्यो । २०७४ र २०७९ को निर्वाचनमा पनि माओवादीको जनमत घटेकोघटेकै भयो । यसलाई जनतासँग माओवादी टाढा भएको रूपमा माओवादी नेताहरूले अर्थ्याउने गरेका छन् । सोही आधारमा तीन महिने अभियान माओवादीले सञ्चालन गरेको पार्टी सचिव देवेन्द्र पौडेलले बताए ।

'हाम्रो नाता एक प्रकारले भन्ने हो भने जनतासँग टुट्यो । यसरी टुटाएर हुँदैन । जोड्नुपर्छ । सम्बन्ध कायम गर्नुपर्छ,' उनले भने, 'यससँगै सरकारले गरेका जनप्रिय कामहरू थाहा दिनुपर्छ भनेर अभियानमा जोडियौं ।'

माओवादीले यसअघि पनि तीन महिने अभियान सञ्चालन गर्ने घोषणा गरेको थियो । तर, नेताहरू खटाइएको जिल्लामै गएनन् । अन्ततः अभियान असफल भयो । यसपटक भने अभियान सफल हुने पनि सचिव पौडेलले दाबी गरे ।

## एमालेको उच्चस्तरीय टोली चीन प्रस्थान

**काठमाडौं (प्रस)–** नेकपा एमालेका उच्चस्तरका नेता शनिबार चीन भ्रमणमा गएका छन् । महासचिव शंकर पोखरेल नेतृत्वमा रहेको पार्टीको उच्चस्तरीय प्रतिनिधिमण्डल साँझ चीनतर्फ प्रस्थान गरेको एमाले प्रचार विभागका सचिव गगन विष्टले जानकारी दिए ।

चिनियाँ कम्युनिस्ट पार्टीको निमन्त्रणामा पार्टी महासचिव पोखरेल नेतृत्वको टोलीमा पार्टीका केन्द्रीय सदस्यसहित २२ जना रहेको छ । भ्रमण टोलीमा पार्टी स्थायी समिति सदस्य तथा परराष्ट्र मामिला विभाग प्रमुख डा राजन भट्टराई, स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतम, अखिल नेपाल महिला संघका अध्यक्ष दुकाभद्र हमालगायत केन्द्रीय तहका नेता सहभागी छन् ।

भ्रमण टोलीले गणतन्त्र चीनका तीन मुख्य सहर छोङछिङ, बेइजिङ र छिङहाइको १३ दिनसम्म भ्रमण गर्नेछ । भ्रमणको बेला नेपाल र चीनको द्विपक्षीय सम्बन्धका विविध पक्ष र एमाले चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)बीचको पार्टीगत सम्बन्धका विभिन्न आयामबारे छलफल हुने एमाले प्रचार विभागका सचिव विष्टले जानकारी दिए । उनका अनुसार भ्रमणका क्रममा चिनियाँ कम्युनिस्ट पार्टीका उच्चस्तरका नेतासँग भेटवार्ता हुनेछ ।


**बुढाथोकी एग्रो फेमली फार्म प्रा.लि. द्वारा प्रस्तावित वधशाला र एग्रोफार्मको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८०/०५/१७)

बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला भुम्लु गाउँपालिका-९ मा बुढाथोकी एग्रो फेमली फार्म प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बुढाथोकी एग्रो फेमली फार्म प्रा.लि.<br>काभ्रेपलाञ्चोक जिल्ला, ज्याम्दी, भुम्लू गाउँपालिका-९<br>फोन नं: ०१-४२७७४३५<br>ईमेल: info@budhathokics.com |
| प्रस्तावको व्यहोरा | काभ्रेपलाञ्चो जिल्ला, भुम्लु गाउँपालिका-९ को कित्ता नं ११४३, ११३८, १४१९, १३०५, १३११, १४४२, १४७८ को १३,२९२.५५ वर्ग.मि. क्षेत्रपफलमा पशुपन्छी पालन, वधशाला संचालन गर्ने र साथै मासुजन्य सामानहरु उत्पादन गर्ने र दाना उत्पादन उद्देश्यले एग्रो फार्म स्थापन गर्न लागिएको हो। |
| प्रभाव पर्न सक्ने गा.पा. | भुम्लु गाउँपालिका वडा नं.९, भुम्लु गाउँपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**रायसुझावको लागि पत्रचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बुढाथोकी एग्रो फेमली फार्म प्रा.लि.<br>नागार्जुन न.पा.-४, सितापाइला, काठमाडौं/ भुम्लु गाउँपालिका-९ ज्याम्दी<br>फोन नं: ०१-४२७७४३५<br>ईमेल: info.@budhathokics.com |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन ग्लोब इन्टरनेशनल प्रा.लि.<br>कोटेश्वर-३२, काठमाडौं, नेपाल<br>ईमेल: info.greenglobes@gmail.com<br>फोन नं: ०१-५१४९१११ |

**कम्पनीको संचालक समितिको बैठकमा उपस्थित हुने सम्बन्धी सूचना**

कम्पनी ऐन बमोजिम श्री कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको प्रा.लि. नं. २१९८३५ को स्नेहालय चाइल्ड प्रोटेक्सन सेन्टर (मु.बि.नगर्ने) कम्पनीलाई मिति २०७६६/०४/१३ मा दर्ता भएको कम्पनीमा संस्थापक सदस्यको रुपमा रहनु भएका तपाई श्री होम बहादुर सेबाको छोरा धादिङ जिल्ला बुहाथुम वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला टोखा नपा वडा नं. ७ बस्ने सुनिल सेबा (ना.प्र.नं.२६/१/४९३०४ मिति २०६८/०७/०२ जि.प्र.का. धादिङ) ले यस कम्पनीबाट सम्पर्क विहिन भई बस्नु भएकोले यस संस्था संचालन गर्न कठिन भएकोले यो सूचना प्रकाशन भएको ३५ दिन भित्रमा यस कम्पनीको संचालक समितिको बैठकमा उपस्थित भई आफ्नो जिम्मेबारी पुरा गर्न यो सूचना प्रकाशन गरिन्छ। सो अवधि समाप्ती पछि कम्पनीमा कानून बमोजिम भई जाने र कम्पनीले कानून बमोजिम अन्य व्यक्तिलाई संचालकका रुपमा नियुक्ति दिने र अबधि समाप्ति पछि तपाईलाई साधारण सदस्यबाट समेत हटाइने जानकारी गराइन्छ।

अध्यक्ष
श्री रबिना गुरुङ
स्नेहालय चाइल्ड प्रोटेक्सन सेन्टर (मु.वि.नगर्ने)
का.जि. टोखा न.पा. वडा नं. ३


# खोकनामा १२ वर्षे रूद्रायणी मेला

■ प्रभाव संवाददाता



**ललितपुर–** खोकनामा लिच्छविकालीन इतिहास बोकेको १२ वर्षे रुद्रायणीदेवी मेला शनिबारदेखि सुरु भएको छ । शुक्रबार देवीको पूजा गरेपछि शनिबार रुद्रायणीदेवीलाई मन्दिरभित्र गुप्तबास राखिएको छ ।

मेला सुरु हुने दिनमा राष्ट्रको सम्मानीय व्यक्तिलाई भेट्ने वा निमन्त्रणा गर्ने प्रचलन भएका कारण शनिबार बिहान रुद्रायणी गुठी संस्थाले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर मेलाबारे जानकारी गराएको छ ।

रुद्रायणीदेवी मेलाको अवसरमा फूल प्रसादसहित प्रधानमन्त्रीलाई गुठी संस्थानले भेटेपछि प्रधानमन्त्री दाहालले १२ वर्षे मेलाको शुभकामनासहित ऐतिहासिक मेलाको संरक्षण गर्नु राज्यको जिम्मेवारी रहेको बताएका छन् ।

मेला सुरु भएको दिनदेखि एक महिनासम्मका लागि देवतालाई मन्दिरभित्र (गुप्तबास) राखिएको र एक महिनासम्म मन्दिरको ढोकासमेत नखोल्ने ललितपुर महानगरपालिका वडा नं २१ का वडाध्यक्ष रवीन्द्र महर्जनले जानकारी दिए । उनले भने, 'यो एउटा ऐतिहासिक मेला भएका कारण खोकनावासीले देवताको निम्ति एक वर्षमा केही त्याग गर्नुपर्ने हुन्छ ।'

मेला सुरु भएदेखि एक महिनासम्म खोकनावासीले छालाजन्य वस्तु प्रयोग नगर्ने, घरदेखि बाहिर गएर बास नबस्ने, पाहुनाले पनि छालाजन्य वस्तु घरमा नल्याउने र पाहुनाले घरमा बास बस्न नमिल्ने, एक महिनासम्म कुनै पनि पूजाआज नगर्ने र एक वर्षसम्म खोखनावासीले बिहेसमेत गर्न नपाइने चलन रहिआएको छ ।

मेला सुरु भएको एक महिनासम्म खोकनावासीले कुनै पनि पूजाआज नगरे पनि एक महिनापछि रुद्रायणीदेवीलाई मन्दिरबाट बाहिर निकालेपछि एक वर्षसम्म पूजाआज गर्नुपर्ने हुन्छ । एक वर्षसम्म पूजा गरेपछि १२ वर्षे मेला सकिन्छ र फेरि अर्को १२ वर्षपछि सुरु हुने गर्छ ।


**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८०/०५/१७)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरधरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण |
|---|---|
| **१) ऋणी : चण्डीश्वरी यु.पि.भि.सी. आल्मुनियम एण्ड स्टील हाउस**<br>प्रा.फ.नं. : ३९२/३४८/०७७/०७८<br>ठेगाना : पुतलीबजार ०३, स्याङ्जा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. संजय थापा**<br>(ना.प्र.नं. ३९९०१, मिति २०५४/०४/२१ जि.प्र.का. स्याङ्जाबाट जारी भएको)<br>बाबु : कृष्ण बहादुर थापा मगर<br>बाजे : नेत्र बहादुर थापा मगर<br>**२. कृष्ण बहादुर थापा मगर**<br>(ना.प्र.नं. ४१३०, मिति २०४२/०७/२६ जि.प्र.का. स्याङ्जाबाट जारी भएको)<br>बाबु : नेत्र बहादुर थापा मगर<br>बाजे : लेस मान थापा<br>**३. विष्णु थापा**<br>(ना.प्र.नं. ६६७७, मिति २०४५/०२/२७ जि.प्र.का. स्याङ्जाबाट जारी भएको)<br>पति : कृष्ण बहादुर थापा मगर<br>ससुरा : नेत्र बहादुर थापा मगर | **२) ऋणी : श्री शारदा इन्टरप्राइजेज**<br>प्रमाण पत्र नं. : ३०१/०२-०६-०३५२<br>ठेगाना : धनगढी ०२, कैलाली<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. प्रकाश पौडेल**<br>(ना.प्र.नं. ७१८१६, मिति २०६३/०५/३० मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : विश्वमित्र पौडेल<br>बाजे : नन्द प्रसाद शर्मा पौडेल<br>**२. कृष्मा श्रेष्ठ**<br>(ना.प्र.नं. ३११०३५/४२८९०२, मिति २०६४/०१/१२ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>बाबु : हरि कृष्ण श्रेष्ठ<br>पति : प्रकाश पौडेल<br>ससुरा : विश्वमित्र पौडेल<br>**३. शिला देवी शर्मा पौडेल**<br>(ना.प्र.नं. २५४, मिति २०४६/०२/१३ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>पति : विश्वमित्र शर्मा पौडेल<br>बाजे : नन्द प्रसाद शर्मा पौडेल |
| **३) ऋणी : पिंकी साह र उत्तम शाह**<br>ठेगाना : डाढा ०६, सप्तरी स्थायी ठेगाना भई हाल कुलेश्वर १४, काठमाडौं<br>**(क) पिंकी साह**<br>(ना.प्र.नं. २८५६, मिति २०६३/०४/२२ मा जि.प्र.का. सप्तरीबाट जारी भएको)<br>बाबु : सूर्य नारायण साह<br>पति : राम विश्वास साह<br>ससुरा : देव नारायण साह<br>**(ख) उत्तम शाह**<br>(ना.प्र.नं. ७६१५८३०३, मिति २०५५/०३/०४ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : सुदर्शन शाह<br>बाजे : जगन शाह | **व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. राम विश्वास साह**<br>(ना.प्र.नं. ७६१५८०९१, मिति २०५४/११/०६ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : देव नारायण साह<br>बाजे : जगत लाल साह<br>**२. रिता शाह**<br>(ना.प्र.नं. ०६१००९/११९८५८६, मिति २०६३/१२/२० मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : केदार प्रसाद साह<br>पति : उत्तम साह<br>ससुरा : सुदर्शन साह |

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



**रोपाइँ नाच** अर्घाखाँचीको सन्धिखर्क–४ वांगलामा रोपाइँ जात्राको अवसरमा रोपाइँ नाच नाच्दै स्थानीय । *तस्बिरः प्रेमनारायण आचार्य/रासस*

# ‘बदलिएको कांग्रेसले मात्र देश बदल्न सक्छ’

■ प्रभाव संवाददाता

**झापा–** नेपाली कांग्रेसका महामन्त्री गगन थापाले बदलिएको कांग्रेसले मात्र देश बदल्ने सामर्थ्य राख्ने बताएका छन् । कांग्रेसले अब जरैदेखि रूपान्तरित हुन जरुरी रहेकोमा उनले जोड दिए ।

नेपाली कांग्रेस मेचीनगर समितिको शनिबार धुलाबारीमा आयोजित नगर सम्मेलनमा उनले सबैजसो राजनीतिक दलको नेतृत्वले गलत क्रियाकलाप गर्दा समाजले आत्मविश्वास गुमाएको बताए ।

‘जनतामा ठूलो छटपटी छ, आक्रोश छ,’ उनले भने, ‘जुन दल सत्तामा पुगे पनि, जुन नेता पुगे पनि आफूलाई बदलेका छन्, देश र जनतालाई केही पनि गरेनन् भन्ने आम आक्रोश बढिरहेको छ, यो निराशा कुराले होइन, काम र परिणामले चिरेर कांग्रेसले नै सही नेतृत्व गर्नसक्छ भन्ने सावित गर्नुपर्ने बेला आएको छ ।’

महामन्त्री थापाले नीतिगत भ्रष्टाचार र काण्डै काण्डले सत्तामा पुगेका बदनाम



भइरहेका हुँदा कांग्रेसकै कोही नेताले पनि भ्रष्टाचार गरेको रहेछ भने त्यस्तो पापको भारी पार्टीले नबोक्ने स्पष्ट परे । प्रमुख दलका नेताहरूले एउटाले अर्कोको भ्रष्टाचारको पोल खोल्छु भनेर तर्साउने गरेकोसमेत उनको आरोप थियो । उनले नेपाली कांग्रेसलाई रूपान्तरण गर्नका लागि वि.सं. २०८२ मा पार्टीको महाधिवेशन गर्नुपर्ने र चुनावमा उम्मेदवार छान्न आफ्नै तहका क्रियाशील सदस्यले मतदान गर्ने परिपाटी बसाउनुपर्ने बताए ।

आफू वरिपरि डुलिरहने र नजिकमा बसेर चाकरी गर्नेलाई मात्रै चुनावमा उम्मेदवारको टिकट दिने पुरानो प्रणालीले कांग्रेसका सदस्य तथा मतदातामा निराशा बढेको महामन्त्री थापाले आरोप थियो । ‘माथिबाट टिकट पठाएर उम्मेदवार बनाउने प्रथा अब बन्द हुनुपर्छ,’ उनले भने, ‘पार्टीभित्र सबै क्रियाशील सदस्य भएकाले कोही ठूलो र कोही सानो भन्ने हुँदैन ।’

महामन्त्री थापाले २३ प्रतिशतभन्दा बढी युवा जनशक्ति रहेको स्वर्णिमकालमा मुलुकको समृद्धिको आकांक्षा पूरा गर्नेतर्फ आशा जगाउने कुनै कार्य सरकारमा पुगेकाबाट नभएको गुनासो गरे । पुराना र नयाँ राजनीतिक दलहरू मुलुकको भविष्य तथा जनताको समस्यामा चिन्तित हुन छाडेर २०८४ मा हुने चुनाव कसरी जित्ने भनेर बहकिन थालेको टिप्पणी गरे ।

# पन्ध्र शय्याको नगर अस्पताल स्वास्थ्य सहायकका भरमा

**पर्वत–** कुस्मा नगरपालिका-१२, ठूली पोखरीमा रहेको नगर अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र डाक्टरविहीन बनेको छ । एक एमबिबिएस डाक्टरसहित १३ जनाको दरबन्दी रहेको अस्पताल विगत पाँच वर्षदेखि स्वास्थ्य सहायक (हेल्थ असिसटेन्ट)ले निमित्तका रूपमा चलाउँदै आएका छन् । दरबन्दीमा रहेका डाक्टर अध्ययन बिदामा गएपछि हालसम्म अन्य डाक्टर आएका छैनन् । तत्कालीन डा विवेक भण्डारी २०७५ सालमा अध्ययन बिदामा गएपछि दरबन्दीका कुनै डाक्टर आउन सकेका छैनन् ।

सुविधा सम्पन्न भौतिक पूर्वाधार, एम्बुलेन्ससहित आधुनिकयन्त्र उपकरण भए पनि दरबन्दीअनुसारका चिकित्सक र प्राविधिक नआएपछि सेवाग्राही मारमा परेका छन् । अस्पतालकी निमित्त प्रमुख भीमकुमारी लामिछानेले भनिन्, ‘दरबन्दीका डाक्टर नै जिल्लामा नभएर होला, भएको भए त आउनुपर्ने हो ।’

नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा दिन ग्रामीण क्षेत्रमा खोलिएको आधारभूत अस्पताल दरबन्दीअनुसारका स्वास्थ्यकर्मी नहुँदा सर्वसाधारण सामान्य बिरामी हुँदासमेत पोखरा तथा काठमाडौं पुग्नुपर्ने बाध्यता छ । देश संघीय संरचनामा गएपछि दरबन्दीमा डाक्टर आउन छाडेका हुन् । स्थानीय तह र प्रदेश सरकारले व्यवस्थापन नगरेका कारण समस्या भएको उनको भनाइ छ । दक्ष जनशक्तिकै अभावमा अस्पतालमा रहेका एक्सरे र भिडियो एक्सरे मेसिनसमेत अलपत्र बनेका छन् ।

केही समय एमबिबिएस सकेपछि अनिवार्य सेवा गर्नुपर्ने भएकाले एक/दुईजना डाक्टर आएको भए पनि उनीहरूको समेत सेवा सकिएपछि प्राथमिक स्वास्थ्य केन्द्र निमित्तको भरमा चलेको हो । अहिले स्वास्थ्य केन्द्रमा करार सेवाका एक स्वास्थ्य सहायक, एक ल्याब असिस्टेन्ट, एक स्टाफ नर्स, तीन अनमी र स्थायी एक अहेब रहेका छन् ।

कुस्मा-४ का साथै मोदी गाउँपालिका, फलेवास नगरपालिका र स्याङ्जाको आँधीखोला गाउँपालिकाका बिरामीसमेत आउने अस्पतालमा पर्याप्त स्वास्थ्यकर्मी नहुँदा समस्या भएको वडाध्यक्ष झलकप्रसाद रिमालले बताए । उनले प्रदेश सरकारसँग नगर अस्पतालको अनुमति दिन र आवश्यक स्वास्थ्यकर्मी उपलब्ध गराइदिन माग गरे पनि सुनुवाइ नभएको बताए । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेसँग पुगेर मागपत्र बुझाएको र उनले केही समयमै डाक्टर पठाउने आश्वासन दिएको छ महिना बितिसक्दा पनि माग पूरा नभएको अध्यक्ष रिमालले बताए ।

अस्पतालमा डाक्टर मात्रै नभएर अन्य उपकरणसमेत पर्याप्त छैनन् । एक्सरे मेसिन सञ्चालन नहुँदा बिग्रिएको दुई वर्षभन्दा बढी भइसकेको अस्पतालका सिनियर अहेब पठी धामीले बताए । ‘सामान्य उपचारका लागि आवश्यक पर्ने एक्सरे मेसिन बिग्रिएको दुई वर्ष भयो,’ उनले भने, ‘सम्बन्धित निकायमा पटकपटक भन्दासमेत सुनुवाइ हुँदैन ।’

अस्पतालमा अहिले गर्भवतीका लागिमात्रै प्रयोग हुने भिडियो एक्सरेसमेत सञ्चालन गर्ने दक्ष जनशक्ति नहुँदा समस्या परेको छ । तालिम प्राप्त स्वास्थ्यकर्मी नहुँदा गर्भवतीले नियमित सेवा पाउन सकेका छैनन् । स्टाफ नर्सले तालिम लिएर आएको भए पनि अध्ययन बिदामा जाँदा उक्त मेसिन चलाउने जनशक्ति केन्द्रमा नभएको निमित्त प्रमुख लामिछानेले बताए । नगरपालिकाले सो अस्पतालको उपचार सेवालाई प्रभावकारी बनाउन तथा चिकित्सक माग गर्ने विषयमा कुनै चासो दिएको छैन ।

जनप्रतिनिधिले प्रदेश तथा संघीय सरकारअन्तर्गतको सम्बन्धित मन्त्रालयसँग छलफल भएको दाबी गरेको भए पनि अहिलेसम्म कुनै पहल भएको पाइएको छैन । नगरप्रमुख रामचन्द्र जोशीले नगर अस्पतालमा दरबन्दीअनुसार डाक्टर ल्याउन आवश्यक पहल गरिरहेको बताए । *रासस*


**वडाबाट सटर खाली गर्ने सम्बन्धी सूचना**

ललितपुर महानगरपालिका वडा नं. १४, अन्तर्गत संगिता महर्जनको नाममा रहेको कि.नं. ४६८ को जग्गा क्षेत्रफल ०-३-३-३ मा रहेको घरको सटर भाडामा बस्ने सन्जीव राइलाई पटक पटक सटर खाली गर्न सूचना दिंदा समेत अटेर गरी बसेको र भाडा समेत नदिएको हुनाले वडाबाट जारी गरको मितिमा सटर खाली गरी दिन अनुरोध गरिन्छ । अन्यथा कानुन बमोजिम कार्यवाही गरिनेछ ।

**ललितपुर महानगरपालिका**
**वडा नं.१४ कार्यालय ललितपुर**



**न्यू जनकल्याणकारी ट्राभल्स एण्ड टुर्स प्रा.लि.को लिक्विडेशन (स्वेच्छिक खारेजी)सम्बन्धी लिक्विडेटरको कार्यालयको सुचना**

**प्रथम पटक प्रकाशन मिति २०८०।०५।१७**

**मिति २०६६।०२।१३ मा दर्ता भएको जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. ९ स्थित न्यू जनकल्याणकारी ट्राभल्स एण्ड टुर्स प्रा.लि. को प्रा.लि.नं. ६३०६६/०६५/०६६ को मिति २०८०। ०५।१५ गतेको बिशेष साधारण सभाको निर्णयानुशार कम्पनी ऐन २०६३ को दफा १२६ अनुसार कम्पनीले आफ्नो ऋण तथा दायित्व तिर्न सक्षम रहेको भनी संचालकहरुले उद्घघोष गरेको हुँदा सो ब्यहोराको आधारमा कम्पनीलाई (लिक्विडेशन) दर्ता खारेजीमा लैजानका लागि लिक्विडेटर नियुक्त भैसकेकाले उक्त कम्पनीले ऋण लिएको वा तिर्न बुझाउन पर्ने ऋण तथा दायित्व बाँकी भएमा आफु संग भएको दावी प्रमाणित गर्ने सबुद प्रमाण भए सो प्रमाण सहित यो सुचना प्रकासित भएको मितिले ३५ दिन भित्र निम्न स्थान र ठेगानामा रहेको लिक्विडेटरको कार्यालयमा दावी लिई आउनका लागि सबै सरोकारवालाहरुलाई यो सुचना प्रकाशित गरिएको छ । तोकेको समय भित्र दावी लिई नआएमा उक्त कम्पनीको तर्फबाट तिर्न बुझाउन बाँकी नरहेको मानी कम्पनीको दर्ता खारेज गरिने तर्फ आवश्यक कारवाही अगाडी बढाउने ब्यहोरा समेत अनुरोध गरिन्छ ।**

**कायम गरिएको कार्यालय**
**ल चेम्बर एण्ड रिसर्च सेण्टर प्रा.लि.**
**अनामनगर, काठमाडौं**
**मो नं. ०१५१७२००१**

**लिक्विडेटर**
**श्री सरला मोत्तान**


# विद्यालयमा पुगेर प्रहरीको सचेतना कक्षा

**बैतडी–** जिल्ला प्रहरी कार्यालयले ‘प्रहरी विद्यालय सम्पर्क कार्यक्रम’ सञ्चालन गरेको छ । विद्यालयमा गएर विद्यार्थीलाई सचेतना दिने उद्देश्यले प्रहरी विद्यालय सम्पर्क कार्यक्रम सञ्चालन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक खेमविक्रम केसीले जानकारी दिए ।

समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत माध्यमिक विद्यालयहरूमा पुगेर विभिन्न सचेतनामूलक कक्षा सञ्चालनमा रहेका छन् । उनले भने, ‘समाजमा रहेका विभिन्न हानिकारक प्रथा प्रचलन हटाउन जिल्लाभरिका विद्यालय र समुदायसँग समन्वय गरेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो ।’

कार्यक्रमअन्तर्गत जिल्लाका सबै प्रहरी चौकीबाट टोली खटेर विद्यालयमा सचेतना कक्षा सञ्चालन भइरहेका छन् । समाजमा हुने विभिन्न विकृतिलाई न्यूनीकरण गर्न विद्यालयमा गएर विद्यार्थीलाई सचेतना दिन थालिएको इलाका प्रहरी कार्यालय पाटनका प्रमुख, प्रहरी निरीक्षक सरोजकुमार ठकुराठीले बताए ।

विद्यालयमा सञ्चालन हुने कक्षामा बालविवाह न्यूनीकरण, घरेलु हिंसा, लागुपदार्थ नियन्त्रण, आत्महत्या रोकथाम, ट्राफिक नियमलगायतका विषयमा छलफल हुने गरेको छ । उनले भने, ‘कक्षाकोठामै विद्यार्थीसँग सचेतनामूलक अन्तक्रिया गर्ने गरेका छौं, यसले विकृति, विसंगति कम हुने विश्वास छ ।’ *रासस*


**श्री स्वास्थ्य सेवा महाशाखा, छाउनी, काठमाडौंको**
**कार्यालय सामानका विभिन्न फाराम र उपचार पुस्तिका छपाई गर्ने सम्बन्धी पहिलो पटक**

**विद्युतीय बोलपत्र (e-GP) आह्वानको ३० दिने सूचना**

प्रकाशित मिति २०८०/०५/१७ गते

१. यस स्वास्थ्य सेवा महाशाखा छाउनीमा कार्यालय सामानका विभिन्न फाराम प्याड तथा विरामी उपचार प'स्तिका छपाई विघुतिय e-GP मार्फत बोलपत्र आह्वान गरी ठेक्का बन्दोबस्त गराउनु पर्ने भएको हुँदा यो सूचना तथा यसैसम्बन्धी बोलपत्रमा उल्लिखित सर्तहरुको अधिनमा रही विद्युतीय बोलपत्र (e-GP) आह्वानको यो ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त बोलपत्र दस्तुर रु ३०००।०० (अक्षरुपी तीनहजार मात्र) साथै विस्तृत जानकारी र बोलपत्र पेश गर्नको लागि *www.bolpatra.gov.np/egp* मा हेर्न सकिने छ ।

(क) बोलपत्र सम्बन्धी अन्य जानकारी

| बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र पेश गर्नु पूर्वको बैठक | बोलपत्र खोलुवा | कै. |
|---|---|---|---|
| २०८०/०६/१५ गतेको १७:०० बजे | २०७९/०६/४ गतेको १३:०० बजे | २०८०/०६/१६ गतेको १३:०० | |

२. बोलपत्रदाताले तोकिएको बोलपत्रको दस्तुर (पछि फिर्ता नहुने गरी) हिमालयन बैंक लिमिटेड, हलचोक शाखाको बैंक खाता नं. ०२५०२९१५२८००१६ मा रकम जम्मा गरी सोको सक्कलै बैंक भौचर क्श्बल गरी ग्उयिबम गर्नुपर्नेछ । साथै, बोलपत्रदाताले बोलपत्रसाथ पेश गनुपर्ने कागजाद, बोलपत्रदाताले अनिवार्य रुपमा पालना गनुपर्ने सर्तहरु एवं संलग्न गनुपर्ने कागजादहरुको विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको *website: https://bolpatra.gov.np/egp* मा Upload गरिएको बोलपत्रसम्बन्धी कागजादमा उल्लेख गरि एकोछ । थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५३८७१६३ तथा ईमेल: *mahashakha-medser@nepalarmy.mil.np* मा सम्पर्क गर्न सकिनेछ ।



**जापनमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **Cooperative business JAICO**

पूर्व स्वीकृति मिति २०८०/०४/०९ | विज्ञापन स्वीकृति मिति २०८०/०५/१७ | LT. No. 289759 | चलानी नं. ६०२०५६३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD PRODUCTION WORKER | 2 | - | 162640 | १४७९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २४ गते (10th Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Care Professional Service Pvt.Ltd.**
Dhumbarahi, Kathmandu, Nepal Phone : +997-1-4439821, 4417142
Fax: +977-1-4439821 E-mail: info@cpsn.com.np
श्रम ईजाजत नं. १३०८/०७४/०७५



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **DIVERSIFIED LINES FOR PETROLEUM SERVICES (DLPS)**

पूर्व स्वीकृति मिति : २०७९/०७/०६ | पून स्वीकृति मिति : २०८०/०५/१६ | LT. No. 274362 | चलानी नं. ६०१९८२९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASON | 2 | 0 | 1200 | ४२५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | construction labourer | 1 | 0 | 1000 | ३५४६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत १३ गते (27th Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**ः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.**
श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023



**छत्रकोट गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**चोयगा, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मिति : २०८०/०५/१७)**

लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, छत्रकोट गाउँपालिकाद्वारा देहाय वमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको व्यहोरा** | छत्रकोट गाउँपालिका अन्तर्गतको सिस्ने खोला, चोरकाटे खोला, उल्ले खोला, सातमुरे खोला, अंगाहा खोला, मनभाग खोला र खर्ज्यांग खोला किनाराबाट दिगो र वातावरण मैत्री रूपले ढुंगा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन् तथा सङ्कलन् गर्ने कार्यको प्रारम्भिक वातावरणीय अध्ययन गर्ने । |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | छत्रकोट गाउँपालिका वडा नं.१, ४, ५, ६ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरू बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न छत्रकोट गाउँपालिका भित्रका विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **छत्रकोट गाउँपालिका, चोयगा, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल** |
| राय सुझाव पठाउने ठेगाना | छत्रकोट गाउँपालिकाको कार्यालय, चोयगा, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल<br>फोन नं. 9857067908<br>इमेल : info@chhatrakotmun.gov.np |



# ‘नेपाल साहसिक पर्यटनको गन्तव्य बन्नसक्छ’

**निमानुरू शेर्पा**
**अध्यक्ष, नेपाल पर्वतारोहण संघ**

*नेपालको पर्वतीय पर्यटनको विकास, संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना भएको नेपाल पर्वरोहण संघ (एनएमए) ५० वर्ष पुग्दै छ । वि.सं. २०३० कात्तिक १६ गते तद्नुसार ०१ नोभेम्बर, १९७३ मा दर्ता भएको 'एनएमए'ले २०३४ सालमा १५ वटा हिमाल आरोहणको अनुमतिदेखि त्यहाँ हुने गरेका गतिविधि सञ्चालन गर्दै आएको छ । पर्वतीय पर्यटनमा संलग्न हिमाल आरोहीहरू, विज्ञहरु र व्यवसायीहरूको संस्था पनि हो यो । हिमाल आरोहण गर्ने साहसिक गतिविधिका लागि नेपाल विश्वमै अब्बल गन्तव्यको रूपमा लिइन्छ । नेपाल विभिन्न विश्व रेकर्ड राख्न सफल नेपाली आरोहीको देश पनि पनि हो । विश्वका १४ वटा आठ हजारभन्दा अग्ला हिमालहरूमध्ये आठ वटासमेत गरी नेपालमा १७ सय वटाभन्दा बढी हिमाल रहेकाले नेपाल विश्वमै पर्वतीय पर्यटनको गन्तव्यस्थल बनेको छ । पर्वतीय पर्यटनलाई व्यवस्थित गर्दै हिमाली भेगका संस्कृतिको सम्बर्द्धनमा टेवा पुऱ्याउने, आरोही तथा पर्वतीय पर्यटनमा लागेका जनशक्तिको अभिलेख राख्ने तथा नीतिगत व्यवस्थाका लागि एनएमएले सरकारसँग सहकार्य गर्दै आएको छ । नेपालमा सरकारले आरोहण खुला गरेका हिम चुचुराको संख्या ४१९ पुगेको छ । आरोहणका लागि खुला गरेका हिमालको संख्या धेरै भए पनि सीमित हिमालमा मात्र आरोहण हुने गरेको छ । यसलाई विस्तार गर्दै व्यवस्थित रूपमा नेपालको पर्वतीय पर्यटनलाई अगाडि बढाउनुपर्ने चुनौतीलाई समाधान गर्न एनएमएको भूमिका महत्त्वपूर्ण रहेको छ । प्रस्तुत छ, एनएमएले ५० वर्षको परिपक्व भूमिका निर्वाह गर्दै आएको सन्दर्भमा एनएमएका अध्यक्ष **निमानुरु शेर्पा**सँग राससका आलेख शाखा प्रमुख **कृष्ण अधिकारी**ले गरेको कुराकानीः*

**एनएमएले अहिले कसरी काम गरिरहेको छ ?**

हिमाली क्षेत्रका गाउँपालिकाहरूसँग सहकार्य गरी हिमालहरूको संरक्षण, नयाँ चुलीहरू खुला गर्ने र हिमालहरूको प्रोफाइल तयार गर्ने काम भइरहेको छ । पर्यटनसँग सम्बन्धित सबै क्षेत्रमा नीति नियम बनाउनेदेखि हरेक ठाउँमा मन्त्रालय, पर्यटन विभाग, नेपाल पर्यटन बोर्डलगायत पर्यटनसँग सम्बन्धित विभिन्न संघसंस्थाहरू तथा निकायहरूसँग सहकार्य गरी यस क्षेत्रलाई अझ व्यवस्थित र मर्यादित बनाउन हामी क्रियाशील छौं । एनएमएको मातहतमा पोखराको रातोपैरोमा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय रहेको छ, जुन पोखराको महत्त्वपूर्ण पर्यटकीय गन्तव्यको रूपमा स्थापित भइसकेको छ । मनाङमा रहेको माउन्टेनियरिङ स्कुललाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्नेछ । आरोहणका क्रममा मृत्यु भएका आरोहीहरूको स्मरणमा ककनीमा स्थापना गरिएको अन्तर्राष्ट्रिय पर्वतारोही स्मारक पार्कलाई पनि अझ व्यवस्थित बनाउन खोज्दै छौं । एनएमएमा रहेको कल्याणकारी कोषमार्फत ती आरोहीका परिवारलाई सहयोग गर्ने काम भइरहेको छ । पर्वतारोहणसँग सम्बन्धित विभिन्न तालिमहरू सञ्चालन गरी यस क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने कार्य आइरहेका छौं । नेपाल सरकारले हामीलाई जिम्मा दिएका २७ वटा हिमचुलीहरूको व्यवस्थापकीय कार्यअन्तर्गत आरोहण अनुमतिपत्र जारी गर्ने, संघले व्यवस्थापन गरिरहेका हिमचुलीहरूमा फोहोरमैला व्यवस्थापन गर्नेलगायतका कार्यहरू गर्दै आइरहेका छौं ।

**तपाई नेतृत्वमा आएपछि कतिवटा हिमाललाई व्यावसायिक आरोहणका लागि खुला गराउनुभयो ?**

नेपालमा १७ सयभन्दा हिमचुलीहरू रहेको भनिएकोमा स्व. हर्क गुरुङले पहिचान गर्नुभएका १३९२ वटा हिमालहरूमध्ये सरकारले आरोहणका लागि जम्मा ४१४ वटालाई मात्र खुला गरेको थियो । मेरो नेतृत्वमा नयाँ कार्यसमिति बनेपछि थप पाँच वटा हिमाललाई खुला गर्न सफल भएका छौं । सिन्धुपाल्चोकमा रहेको जुगल हिमशृंखलामा पर्ने पाँचवटा हिमाल आरोहणका लागि खुला गरिएको हो । आरोहण खुला गरेका हिमालको उचाइ पाँच हजार ९२२ मिटरदेखि छ हजार ५९१ मिटरसम्म रहेको छ । यी हिमालहरू काठमाडौंबाट नजिक रहेकाले आरोहीको आकर्षण हुने आरोहण व्यवसायीहरू बताउँछन् । गएको वसन्त याममा आरोहीले २८ वटा हिमाल आरोहणका लागिमात्रै अनुमति लिएका थिए । सगरमाथासहित सीमित हिमालमा मात्र आरोहीको चाप रहेको छ । ४१९ वटा चुलीमध्ये छ हजार ५०० मिटरभन्दा मुनिका ७२ वटामा अहिलेसम्म आरोहण नै हुन सकेको छैन । अहिले पाँच हजार ८०० मिटरदेखि छ हजार ५०० मिटरसम्मका २७ वटा हिमचुलीको मात्रै व्यवस्थापन हामीले गरेका छौं भने अन्य सबै हिमचुलीहरूको व्यवस्थापन पर्यटन मन्त्रालयअन्तर्गतको पर्यटन विभागले गर्ने गर्दछ । छ हजार ५०० मिटरभन्दा मुनिका सबै हिमचुलीहरूको व्यवस्थापनको जिम्मेवारी सरकारले दिएमा हामी प्रचारप्रसार र प्रवर्द्धनका काम गर्नेछौं ।

**यो वर्ष एनएमए स्थापना भएको ५० वर्ष पुग्दै छ, कसरी मनाउँदै हुनुहुन्छ ?**

एउटा संस्थाले ५० वर्षको यात्रा गर्नु आफैंमा पनि खुसीको कुरा हो । ०१ नोभेम्बर, २०२३ मा यस संघ ५० बर्ष पुग्दै छ । यसमा बर्सेनि गरिने नियमित कार्यक्रमहरूको अतिरिक्त राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा पनि महत्त्व राख्ने खालका केही कार्यक्रमहरूको आयोजना गर्दै छौं । एसियाली पर्वतारोहण महासंघको वार्षिक साधारणसभा यस वर्ष नेपालमा आयोजना हुँदै छ । आगामी अक्टोबर ३१ मा आयोजना हुने सो बैठकमा पर्वतारोहणसँग सम्बन्धित एसियाली महादेशका करिब १५ देशका १९ वटा अल्पाइन क्लबका प्रतिनिधिहरूको सहभागिता रहनेछ । ०१ नोभेम्बर, २०२३ मा आयोजना गरिने संघको ५०औं बार्षिकोत्सव कार्यक्रममा विश्व पर्वतारोहण महासंघ र एसियाली पर्वतारोहण महासंघका अध्यक्षहरूसहित विभिन्न अन्तर्राष्ट्रिय संस्थाका प्रमुखहरूसमेत गरी ४० भन्दा बढी देशका प्रतिनिधिहरू सहभागी हुनेछन् । यसले विश्वमा नेपालको पर्वतीय पर्यटनको सम्भावना र अवसरका बारेमा प्रचारप्रसार गर्न सहयोग पुग्नेछ । नेपालको पर्वतीय पर्यटनको क्षेत्रको विकास गर्न तथा अन्तर्राष्ट्रिय प्लेटफर्ममा नेपालका कुराहरू राख्नका लागि महत्त्वपूर्ण अवसर हुनेछ । नेपाल पर्वतारोहण संघ एकमात्र राष्ट्रिय ‘अल्पाइन क्लब नेपाल’को रूपमा रही नेपाल सरकारसँग मिलेर काम गर्ने संस्था हो । संसारको विश्व पर्वतारोहण महासंघ, एसियाली पर्वतारोहण महासंघलगायत सबैमा सक्रिय सदस्यको रूपमा एनएमएले काम गर्दै आएको छ ।

> म भर्खरै कोरियाको भ्रमणमा जाँदा त्यहाँका राजनीतिज्ञ, बुद्धिजीवीदेखि कर्मचारीतन्त्र सबैको ध्यान साहसिक पर्यटनमा केन्द्रित भएको पाएँ, तर हामीले नेपालमा यो आरोहण क्षेत्रमा संलग्न सीमित व्यक्तिहरूको मात्रै हो भन्ने दृष्टिकोण रहेको छ । नेपालको समृद्धिको एउटा मुख्य आधार साहसिक पर्यटन हो भन्ने भन्ने बुझ्न आवश्यक छ । पर्वतीय पर्यटनको प्रवर्द्धनका लागि राज्यले विशेष महत्त्व दिनुपर्ने छ ।

**विश्वका पर्वतारोही र पर्वतीय पर्यटनमा क्रियाशील संघसंस्थाहरूको नेपालप्रतिको दृष्टिकोण कस्तो पाउनुहुन्छ ?**

विश्वभरमा नेपालको पर्वतीय पर्यटनप्रति निकै सकारात्मक रहेको देखिन्छ । नेपाल साहसिक पर्यटनको मुख्य गन्तव्य मुलुक भएकाले यसलाई हबको रूपमा लैजान सकिन्छ । पर्वतीय पर्यटनलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न सके नेपाल माउन्टेनियरिङ र क्लाइम्बिङको हेडक्वाटर नै बन्नसक्छ भन्ने उनीहरूको बुझाइ छ तर यसका लागि हामीले उपयुक्त वातावरण तयार गर्नुपर्छ । नेपाल आउने पर्वतारोहीमध्ये झण्डै ५० प्रतिशत दोहोऱ्याएर आउने भएकाले सधैं केही पिकहरू मात्र बेचेर हुँदैन, नयाँ-नयाँ पिकहरू खुला गर्दै त्यसको प्रचारप्रसार र प्रवर्द्धनमा ध्यान दिनु आवश्यक छ ।

**राज्यसँग तपाईंहरूको अपेक्षा के छ नि ?**

म भर्खरै कोरियाको भ्रमणमा जाँदा त्यहाँका राजनीतिज्ञ, बुद्धिजीवीदेखि कर्मचारीतन्त्र सबैको ध्यान साहसिक पर्यटनमा केन्द्रित भएको पाएँ, तर हामीले नेपालमा यो आरोहण क्षेत्रमा संलग्न सीमित व्यक्तिहरूको मात्रै हो भन्ने दृष्टिकोण रहेको छ । नेपालको समृद्धिको एउटा मुख्य आधार साहसिक पर्यटन हो भन्ने भन्ने बुझ्न आवश्यक छ । पर्वतीय पर्यटनको प्रवर्द्धनका लागि राज्यले विशेष महत्त्व दिनुपर्ने छ । नयाँ पिकहरू खुला गर्दै जाने, खुला गरिएका पिकहरूको प्रचारप्रसारमा जोड दिने र यसमा संलग्न व्यवसायीहरूलाई प्रोत्साहन गर्न आवश्यक छ । तीन हजार मिटरमाथि होटल, लज सञ्चालन गर्ने व्यवसायीहरूलाई राज्यले कर छुट दिन सकेमा उनीहरू उत्साही भएर व्यवसाय सञ्चालन गर्न सक्नेछन् । पर्वतीय पर्यटनसँग सम्बन्धित कतिपय ऐन कानुनहरू धेरै वर्षअघि तर्जुमा गरिएका छन्, तिनको समयानुकूल परिमार्जन गर्नुपर्छ । पर्यटनसँग सम्बन्धित कामलाई एकद्वार प्रणालीअनुसार गराउन आवश्यक छ । पर्यटन मन्त्रालयबाटै हुनुपर्ने कामलाई कम्तीमा पाँचवटा मन्त्रालय र विभिन्न निकायहरूमा धाउनुपर्ने अवस्था छ ।

**हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर देखापरिसकेको सन्दर्भमा आगामी दिनमा यसलाई कसरी सुरक्षित राख्नुपर्ने देख्नुहुन्छ ?**

हिमाललाई सफा राख्नुपर्छ, प्रदूषण हुन दिनुहुँदैन भनेर जनचेतना अभिवृद्धि गर्ने आरोहणमा जाने आरोही, भरिया वा अन्य व्यवसायीहलाई यससम्बन्धी जनचेतना, सुरक्षासम्बन्धी तालिम प्रदान गर्ने काम भइरहेको छ । नेपाली सेनासँग मिलेर हिमाल सफाइ कार्यक्रम सञ्चालन भइरहेको छ । आरोहीलाई अरु हिमालमा पनि आकर्षित गरेर सगरमाथासहितका हिमालको चाप घटाउनुपर्ने जलवायुविज्ञहरूको राय छ । जलवायु परिवर्तनका कारण जसरी हिमालयहरूमा हिउँ पर्ने क्रम कम हुँदै जानु र तीव्र गतिमा पग्लने क्रमले भोलि हिमाल आरोहणको सट्टा ‘रक क्लाइम्बिङ’ भन्नुपर्ने अवस्था आउन नदिन हामीले अहिलेदेखि नै उच्च सावधानी अपनाउनु आवश्यक छ । यद्यपि यो समस्या नेपालले सिर्जना गरेको नभई विश्वव्यापी समस्या भएकाले समयमै विश्व समुदायको ध्यानाकर्षण गराउन सक्नुपर्छ ।

**अहिलेसम्म कति जनाले एनएमएबाट तालिम प्राप्त गरेका छन् ?**

हाम्रो मुख्य काम भनेको दक्ष जनशक्ति उत्पादन गर्नु हो । संघले प्रदान गरेको तालिमबाट नै प्रत्यक्ष रूपमा २० हजारभन्दा बढी व्यक्ति पर्वतीय पर्यटन क्षेत्रमा सक्षम भएका छन् । पिक क्लाइम्बिङदेखि सगरमाथा आरोहणसम्म सफल भएका व्यक्तिहरूले ९५ प्रतिशतले एनएमएसँग तालिम लिएका हुन्छन् ।

**अन्त्यमा नेपालको समग्र पर्यटन विकासका लागि एनएमएको भूमिकालाई कसरी बढाउने सोच बनाउनुभएको छ ?**

नेपालको आर्थिक विकासको मुख्य आधार भनेकै पर्यटन हो । सरकारले पर्यटन क्षेत्रको विकासका लागि भनेअनुसार प्राथमिकता दिएको छैन । यस क्षेत्रमा संलग्न व्यवसायीहरूले पनि आ-आफ्नो व्यावसायिकताको रूपमा मात्र बुझ्ने गरेका छन् । समग्र राष्ट्रकै एउटै सोच, लक्ष्य र भावी कार्यक्रम नबनेसम्म पर्यटन विकासको कुरा नारामै सीमित रहन्छ । प्रकृतिले नै हामीलाई हिमाल, पहाड र तराई दिएको छ भने सामाजिक विविधता पनि महत्त्वपूर्ण सम्पदा छ । विश्वका यतिधेरै अवसर कमै मुलुकले पाएका छन् । तर हामीले पहिलो योजनादेखि नै पर्यटनका कुरा गर्दै आज १६औं योजनासम्म आइपुग्दा त्यही पुरानै कुरा दोहोऱ्याइरहेका छौं, यसले हामीलाई समृद्धिमा पुऱ्याउँदैन । एनएमएजस्ता संस्थाहरूलाई राज्यले साथमा लिएर सामूहिक ढंगबाट अगाडि बढ्ने हो भने एउटा आवधिक योजनामै हामीले पर्यटनको क्षेत्रमा ठूलै फड्को मार्न सकिन्छ ।

# पुस्तकालय संरक्षण अभियानमा जोगप्रसाद

■ प्रकाश सिलवाल

**काठमाडौं–** जीवनभर विवाह नगरी ब्रह्माचारी रहेका स्याङ्जाको अर्चलेबारीका जोगप्रसाद पाण्डेको दैनिकी पुस्तकालयमै बित्ने गर्छ । गाउँकै जनता माविमा पढेका पाण्डे सानैदेखि आध्यात्मिक स्वाभावका थिए । केही वर्ष भारतमा धार्मिक गतिविधिमा रहेर २०४३ सालतिर नेपाल फर्किएका उनको जीवन सात्त्विक रहेको छ । वि.सं. २०४८ देखि प्याज, लसुन, नुनसमेत छाडी एक छाक चोखो खाने गरेका उनी पठन संस्कृतिका लागि अभियानकर्मी मानिन्छन् ।

मातृभूमि सामुदायिक पुस्तकालयका पर्याय बनेका पाण्डेलाई १६औं राष्ट्रिय पुस्तकालय दिवस, २०८० का अवसरमा मूल समारोह समितिले शुक्रबार सम्मान गरेको छ । हुन त बिर्घा गाउँ पहिलेदेखि नै शैक्षिक उर्वरभूमिले परिचित गाउँ हो । राणा शासनको अन्त्यसँगै वि.सं. २००७ पछि नेपालमा विद्यालय खुल्नेक्रमसँगै यहाँ पनि विद्यालय खुले तर पनि पुस्तकालय खुल्न नेपालको २०४६ को बहुदलीय व्यवस्था नै आउनुपरेको थियो ।

वि.सं. २०४७ मा गाउँकै गोपाल पाण्डेको अगुवाइमा पुस्तकालय खोल्ने अभियानमा जोगप्रसाद पनि सक्रियरूपमा लागे । एउटा सानो कोठाबाट सुरु भएको पुस्तकालयले अमेरिकी नागरिक स्व एन्टोनिया न्यूवारको सहयोगमा मातृभूमि सामुदायिक पुस्तकालय सञ्चालनमा आयो ।

वि.सं. २०५० देखि आफ्नै भवनबाट सेवा दिने गरी नियमितरूपमा पुस्तकालय सञ्चालनमा आयो । गाउँमा पुस्तकालय त खुल्यो जिम्मा लगाउने पाको मान्छेको भन्दा पुस्तकालयको स्थापना गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका, स्वाभावले पनि आध्यात्मिक उनलाई गाउँका सबैको सहमतिमा पहिलो कर्मचारीका रूपमा पुस्तकालयको जिम्मेवारी दिइयो । यो तीन दशकको दौडानमा पुस्तकालयमा धेरै कर्मचारी अदलबदल भए पनि जोगप्रसाद २०५० साल कात्तिक १३ गते नियुक्त भएयता निरन्तर सतिसालझैं हालसम्म कार्यरत छन् ।

गाउँकै पुरानो घर किनेर आफ्नो सेवा सुरू गरेको पुस्तकालयका झ्यालढोका पुराना भएकाले सुरूआती दिनमा उनले कयौं रात पुस्तक कुर्ने प्रयोजनका लागि एक्लै पुस्तकालयमै केबल गुन्द्रीमा सुतेर रात काटेका छन् ।

पुस्तकालय भवन, पुस्तक, पत्रपत्रिका भए पनि पुस्तकालयको सञ्चालनको नियमित आर्थिक स्रोत अभावका कारण २०५२ सालतिर पुस्तकालय सञ्चालक समितिले ‘पिसिओ’ फोन सेवा सञ्चालनमा ल्याएको थियो । त्यसबाट हुने मुनाफाले कर्मचारीलाई तलब खुवाउने चलन हुन्थ्यो । करिब पाँच/छ वर्षसम्म यो सेवा चल्यो ।

सो समयमा बेलाबेलामा फोनको टावरमा समस्या आउँथ्यो । टावरमा समस्या आउँदा पाँच/छ घण्टाको ठाडो उकालो हिँडेर गुल्मीको हिले जानुपर्थ्यो त कहिले ब्याट्रीमा समस्या आउदा चार्ज गर्न चार/पाँच घण्टाको दूरीमा रहेको पाल्पा किन नहोस् पाण्डे खाली खुट्टा ब्याट्री बोकेरै जान्थे र फोन सेवा दिएरै पुस्तकालयको नियमित खर्च चलाउन सहयोग पुऱ्याउँथे ।

पुस्तकका अलावा पाठकको तीव्र रुचि विभिन्न दैनिक, साप्ताहिक तथा मासिक पत्रपत्रिका हुनेहुँदा पुस्तकालयले आफैं किन्न नसकेको अवस्थामा वार्षिकरूपमा उनले दाता खोजी करिब दुई दर्जन पत्रपत्रिकाको व्यवस्थापन गरे ।

उनले यातायातको सुविधा नहुँदाको समयमा पनि तीन घण्टा लगाएर ९१ दिन मिर्मि बजारसम्म खालीखुट्टा पैदल गएर पनि पत्रपत्रिका ल्याएर पाठकलाई ज्ञान तथा सूचना बाँडे । वि.सं. २०७२ को विनासकारी भूकम्पपछिको जीर्ण अवस्थाको भवनबाट भनौं या कोभिड महामारीको अवस्थामा पनि आफ्नो ज्यानको प्रवाह नगरी पाठकको आवश्यकतालाई मध्यनजर राख्दै जोगप्रसादले निरन्तर सेवा दिए । उनले पुस्तकालयलाई बन्द हुने अवस्था हुन दिएनन् ।

नियमित आर्थिक सोत नहुँदा पुस्तकालय व्यवस्थापन समितिले मृत्युवरण भएका व्यक्तिका नाममा अक्षयकोष स्थापना गरी त्यसबाट आउने व्याजको रकम र आजीवन सदस्य शुल्कको रकमबाट सञ्चालन गर्नुपर्ने अवस्थामा उनले थुप्रै अक्षयकोष स्थापना गर्ने दाता तथा सदस्य खोजी गरी पुस्तकालय सञ्चालन खर्च जुटाए ।

पुस्तकालयको आर्थिक पक्ष कमजोरका कारण कतिपय समयमा जोगप्रसादले विनापारिश्रमिकमा स्वयंसेवकका रूपमा काम गरेरै पनि पुस्तकालय सञ्चालन गरिदिए । उनले कतिपय समयमा न्यून पारिश्रमिकमा सेवा दिएकै कारणले पुस्तकालय नियमितरूपमा सञ्चालन भएको छ ।

स्थापनाकालदेखि हालसम्म पुस्तकालयको गरिमा जोगाइराख्न जोगप्रसादको महत्त्वपूर्ण भूमिका रहेको हुँदा नै आज मातृभूमिबाट हजारौं पाठक लाभान्वित भएको कुरा नेपाल सरकारले सम्झिएको राष्ट्रिय पुस्तकालय दिवस, २०८० को मूल समारोह समितिको प्रचारप्रसार उपसमितिका संयोजक रामप्रसाद पाण्डेयले बताए ।

पुस्तकालयको नियमित आफ्नो जिम्मेवारी त थिए नै त्योबाहेक पुस्तकालयलाई जीवन्त राख्न ६५ वर्षीय जोगप्रसादले कुनै कसर बाँकी राखेनन् । आफ्नो नियमित साधना, घरधन्दा सकेर पुस्तकालय समयभन्दा पहिले पुग्ने र अन्तिममा निस्किनेमा उनी पर्छन् । *रासस*

प्रभाव दैनिक

रूपशाला

## समीक्षा-सुजताको 'तीजमा नाच्न हिंडिन्छ'

समीक्षा अधिकारी र सुजता केसीको स्वरमा तीज गीत सार्वजनिक गरिएको छ । गायिका सुजता केसीको युट्युब च्यानलमार्फत 'तीजमा नाच्न हिंडिन्छ' बोलको गीत सार्वजनिक गरिएको हो । गीतको भिडिओमा समीक्षा अधिकारी, सुजता केसी, पुष्प खड्का र किरण केसी फिचर्ड छन् । अर्जुन पोखरेलको शब्द तथा संगीत रहेको गीतमा पुरूषोत्तम सुवेदीको संगीत संयोजन छ। नवराज उप्रेतीले छायांकन गरेको गीतलाई शिलन लम्सालले सम्पादन गरेका छन् । गीतको भिडिओलाई माइकल चन्दले निर्देशन गरेका हुन् ।



आइतबार, १७ भदौ २०८० (Sunday, September 3, 2023)

# एकल सांगीतिक साँझमा गुञ्जिए नारायण रायमाझी




■ प्रभाव संवाददाता

**काठमाडौं–** संगीतकार तथा गायक नारायण रायमाझीले पहिलोपटक एकल प्रस्तुति दिएका छन् । राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठानको आयोजनामा शुक्रबार प्रज्ञा प्रतिष्ठानमा 'नारायण रायमाझी सांगीतिक साँझ २०८०' सम्पन्न भयो ।

जहाँ उनले आफ्ना हिट र कालजयी गीत प्रस्तुत गरे । संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री सुदन किरातीको प्रमुख आतिथ्यता रहेको समारोहमा रायमाझीलाई सुन्न संगीत र चलचित्रका ठूला हस्तीहरू प्रेक्षालयमा उपस्थित थिए । एकल साँझमा रायमाझीले आफ्ना चर्चित गीतहरू सम्झी रेलिमै, फुलबुट्टे चोलीमा, राम्दीपुल तर्ने बित्तिकै, गेटमा बेली जाई, कालो केशमा रातो रिबन, पसिनाले पैसा साटेर, माया पैँचो नदेऊ साइँली, लाइछौ बेसन, नमुछे आमा दहीमा टीका, हाँसेर बोलीदेऊ माया, सान्नानीले झुक्कायो मलाई लगायत प्रस्तुत गरे ।

समारोहमा गीति नाटक, नृत्य, चर्चित कलाकारहरूद्धारा सांगीतिक प्रस्तुती दिनुका साथै कात्तिक ३ गते प्रदर्शन हुने रायमाझी निर्देशित फिल्म 'परदेशी २'को पनि प्रचार थालनीबारे जानकारी गराइयो ।

कलाकारहरू शर्मिला गुरुङ, लक्ष्मी न्यौपाने, कुलेन्द्र विश्वकर्मा, राधिका हमाल, राजु गुरुङ, कृष्ण रेउले, टीका पुन, विक्रम परियार, कुशल बेलबासे, चेतन गोतामे, कमला पोखरेल, दीपिका बयम्भु, प्रकाश दूतराज, रचना रिमाल, सुप्रिम मल्ल, पूजा देवकोटा लगायतले प्रस्तुतिमा रायमाझीलाई साथ दिए ।

समारोहमा प्रतिष्ठानका संस्थापक अध्यक्ष अम्मर बिरही गुरुङ, पूर्व अध्यक्षहरू प्रजापति पराजुली, दुर्गा रायमाझी, पुरुषोत्तम न्यौपाने, चन्द्र शर्मा, बद्री पंगेनी, रमेश बिजी, एमाले नेता प्रदीप ज्ञवाली, निर्देशक तथा फिल्म अभिनेता नीर शाह, गायक बमबहादुर कार्की, गीतकार कृष्णहरि बराल, कलाकारहरू मदनदास श्रेष्ठ, सन्तोष पन्त, केकी अधिकारी, वर्षा सिवाकोटी लगायतको उपस्थिती थियो । हलभित्र नअटाएका दर्शकले बाहिर डिस्प्लेमा कार्यक्रमलाई नियालेका थिए ।

सूर्यबहादुर र कृष्णकुमारीको दोस्रो सन्तानका रूपमा २०२० सालमा पाल्पाको झडेवामा नारायण जन्मिएका थिए । रायमाझी निर्देशित फिल्महरू गार्खा पल्टन र परदेशीले चर्चा बटुल्न सफल भएका थिए भने 'परदेशी २' दशैंमा प्रदर्शन हुँदैछ ।

समारोहको संचालन शिरिष देबकोटाले गरेका थिए भने सांगीतिक साँझमा रमेश बिजी, पुरुषोत्तम न्यौपाने, दुर्गा रायमाझी, प्रकाश सपुत लगायतका कलाकारले सहजीकरण गरेका थिए । सभापतित्व प्रतिष्ठानकी अध्यक्ष रीता थापा मगरले गरेकी थिइन् । एकल साँझको प्रायोजकमा नेपाल टेलिकम थियो ।

# सलीनालाई 'मिस ग्रान्ड नेपाल'को ताज




■ प्रभाव संवाददाता

काठमाडौं– मिस ग्राण्ड नेपाल २०२३ को ताज सलीना नेपालले जितेकी छन्। काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित प्रतियोगितामा नेपालले ताजसँगै विद्युतीय स्कुटर पनि जितेकी हुन् ।

५ जना सुन्दरी छानिएको प्रतियोगितामा प्रशंसा उप्रेती फेस अप ब्युटी इन्टरनेसनल नेपाल, करुणा दाहाल मिस औरा इन्टर नेसनल नेपाल, ब्रिटिना आले मिस्स ग्रान्ड युनिभर्सल नेपाल, लक्ष्मी बुढा मगर, मिस ग्लोबल इन्टरनेसनल नेपाल भए । विजेता ५ जनाले नै नगद १-१ लाखको अलावा विभिन्न गिफ्ट समेत पाए ।

मोडल दीपक घिमिरे, मिस एसिया कप साथै मिस टुरिजम आस्था शाखका, संगीतकार सरोज प्याकुरेल र रामहरि सिलवाल निर्णायक रहेको प्रतियोगिताको सबै विजेताले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने अवसर पाउनेछन्। रोजिन शाक्यको कोरियोग्राफी रहेको प्रतियोगिता आरके इन्टरटेन्मेन्ट ग्रूपले आयोजना गरेको हो ।

# 'नालापानी' हेर्न विद्यार्थीको भीड

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऐतिहासिक कथावस्तुमा आधारित फिल्म 'नालापानी' प्रदर्शनको गति अझै रोकिएको छैन । रिमेश अधिकारी निर्देशित फिल्म एक महिनादेखि चितवनको पर्सास्थित म्यांगो हलमा दर्शकको खचाखच उपस्थितीसहित चलिरहेको छ । कलेजका विद्यार्थी र स्थानीय दर्शकले फिल्म हेरिरहेको जानकारी निर्माता समेत रहेका अधिकारीले दिए । नेपालको इतिहासलाई स्पष्टरूपमा फिल्ममा उतारेकाले विद्यार्थीसहितका जिज्ञासुले फिल्म रुचाइरहेको उनले बताए ।




'अहिले पनि फिल्म हाउसफूल चलिरहनु खुशिको कुरा हो । फिल्म हेरिञ्जेल कोही पनि बोर नभएको र दर्शकले मनोरञ्जन महसुस गरिरहनुभएको छ' निर्देशक अधिकारीले अनलाइनखबरसँग भने, 'फिल्म हेरेका दर्शकले यसलाई सबै उमेरका दर्शकले हेर्नुपर्ने सुझाव दिनुभएको छ ।'

फिल्म हेरेपछि दर्शकमा देशप्रेम ओतप्रोत भएको प्रतिक्रिया मिलेको अधिकारीले बताए । निजी बोर्डिङ स्कुलसँगै पछिल्लो समय सरकारी स्कुलका विद्यार्थी समेत फिल्म हेर्न ओइरिएका छन् । भदौ महिनाभर फिल्मका दुई शो बुक भएको समेत रिमेशले बताए ।

नेपाल र अंग्रेजबीचको युद्धमा नेपालको बहादुरीको कथावस्तु पेश गर्ने यो फिल्मलाई समीक्षकले रुचाएका थिए । निर्देशक अधिकारी यतिबेला अर्को ऐतिहासिक फिल्म 'कोतपर्व' निर्माणमा जुटेका छन् ।

रंगशाला

# एसियाली शारीरिक सुगठनमा २३६ खेलाडीले प्रतिस्पर्धा गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसियन शारीरिक सुगठन तथा फिटनेस् महासंघको आयोजना तथा नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको व्यवस्थापनमा काठमाडौमा हुने ५५ औं एसियाली शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् च्याम्पियनसिपमा १७ राष्ट्रका २३६ खेलाडीले विभिन्न विधामा प्रतिस्पर्धा गर्ने भएका छन् । जसमा १६८ पुरुष र ६८ महिला गरि २३६ खेलाडीहरूले विभिन्न ४५ विधामा प्रतिस्पर्धा गर्नेछन् ।

शारीरिक सुगठनको प्रतियोगितामा पहिलो पटक ठुलो प्रतियोगिताको रूपमा रहेको च्याम्पियनसिपमा नेपाल सहित भुटान, चीन, हङ्गकङ्ग चाईना, भारत, काजाखस्तान, मकाउ चाईना, मालदिभ्स, मलेसिया, म्यानमार, सिंगापुर, दक्षिण कोरिया, श्रीलंका, थाईल्याण्ड, ताजाकिस्तान, उज्वेकिस्तान र भियतनामको सहभागिता रहेको छ ।

दरवारमार्गस्थित याक एण्ड यती होटलको रिगल बाल रुममा हुने च्याम्पियनसिपमा पुरुष तर्फ



२८, महिला तर्फ १६ र मिक्स १ गरि ४५ विधामा प्रतिस्पर्धा हुनेछ । प्रतिस्पर्धा गर्ने सबै देशका खेलाडी, अफिसियल र डेलिगेट्सहरू नेपाल आईसकेकाछन् ।

च्याम्पियनसिपको दोश्रो दिन शनिबार मेनेजर्स मिटिङ्ग, निर्णायक मिटिङ्ग, डोपिङ्ग सेमिनार तथा एसियाली कंग्रेसको आयोजना भएको छ । यस्तै आइतबार तेश्रो दिन १७ गते खेलाडीहरूको तौल तथा हाईट मेजरमेन्ट र उमेर समूहको जाँच गर्ने कार्य हुनेछ ।

चौथो दिन १८ गते प्रतियोगिताको उद्घाटनका साथै १६ वटा विधामा प्रतिस्पर्धा हुने छ । जसमा पहिलो दिन नेपाली १४ खेलाडीहरूले ८ वटा समूहमा प्रतिस्पर्धा गर्नेछन् । यस्तै १९ गते २० वटा विधामा प्रतिस्पर्धा हुने र २४ नेपाली खेलाडीहरूले १७ वटा समूहमा प्रतिस्पर्धा गर्नेछन् । २० गते ९ वटा विधामा प्रतिस्पर्धा हुने र ५ जना नेपाली खेलाडीहरूले ४ वटा समूहमा प्रतिस्पर्धा गर्नेछन् । प्रत्येक दिनको खेल पश्चात नतिजा प्रकाशन हुने छ ।

प्रतियोगिताको अन्तिम दिन शारीरिक सुगठन तर्फको ५५, ६०, ६५, ७०, ७५, ८०, ८५, ९०, १०० र ११० केजी गरि १० समूहका प्रथम स्थान प्राप्त गर्ने खेलाडीहरूविच प्रतिस्पर्धा गराई सर्वोत्कृष्ट हुने खेलाडीलाई मि. एसिया २०२३ घोषित गरिनुका साथै ट्रफी प्रदान गरिने छ । यस्तै सम्पूर्ण प्रतिस्पर्धाबाट मेडलका आधारमा शिर्ष तीन स्थान प्राप्त गर्ने ३ देशलाई च्याम्पियनसिपको प्रथम, द्बितीय र तृतीय घोषित गरिने छ ।

मनकामना केवल कारको प्रमुख प्रायोजनमा हुने प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद्, नेपाल टुरिजम बोर्ड, एभरेष्ट बैंक, नेपाल ईन्भेष्टमेन्ट मेघा बैंक, महालक्ष्मी विकास बैंक, पञ्चकन्या ग्रुप, केटिएम सिटी, सिद्धार्थ प्रिमियम इन्सुरेन्स, सरगमाथा लुम्बिनी इन्सुरेन्स, शिखर इन्सुरेन्स, सिएफएस रेमिट आदिको विशेष सहयोग रहने आयोजकले जनाएका छन् ।

प्रतियोगिताको आधिकारीक होटलमा याक एण्ड यती र न्याडिसन होटल रहेको छ भने प्रतियोगिताको काष्टमण्डप टेलिभिजन र मेरो फिटनेशले फेसबुक लाईभ गर्नेछन् । प्रतियोगिताको इभेन्ट म्यानेजमेन्टमा फुनोलोजिक सोलुसन रहेको छ ।

# दक्षिण अफ्रिकाविरुद्धको सिरिज अस्ट्रेलियालाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** अस्ट्रेलियाले दोस्रो टी-ट्वान्टी आई खेलमा दक्षिण अफ्रिकालाई हराउँदै एक खेल अगावै सिरिज जितेको छ। शुक्रबार राती सम्पन्न खेल अस्ट्रेलियाले ८ विकेटले जितेको हो ।

यो जितसँगै अस्ट्रेलियाले तीन खेलको टी-ट्वान्टी आई सिरिजमा २-० को अग्रता लिएको छ। दक्षिण अफ्रिकाले दिएको १ सय ६५ रनको लक्ष्य अस्ट्रेलिया १४ दशमलब ५ ओभरमा २ विकेट गुमाउँदै पूरा गऱ्यो । अस्ट्रेलियाको जितमा कप्तान मिचेल मार्श ३९ बलमा ८ चौका र ६ छक्कासहित अविजित ७९ रनको अर्धशतकीय ईनिङ खेले। ओपनर म्याथ्यु शर्टले ३० बलमा ७ चौका र ४ छक्कासहित ६६ रनको अर्धशतकीय ईनिङ खेले ।




ट्रविस हेड १७ बलमा ४ चौकासहित १८ रन बनाए। दक्षिण अफ्रिकाका लिजार्ड विलियम्स र तबरेज शाम्सीले समान १/१ विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ६४ रन बनायो ।

दक्षिण अफ्रिकाका कप्तान एडेन माक्ररमले ३८ बलमा ३ चौका र २ छक्कासहित सर्वाधिक ४९ रन बनाए। टेम्बा बभुमाले १७ बलमा ६ चौका र १ छक्कासहित ३५ रनको बनाए । अस्ट्रेलियाका शन एबोट र नाथन एलिसले समान ३/३ तथा जेसन बेहरनडोफले २ विकेट लिए । पहिलो खेलमा अस्ट्रेलिया १ सय ११ रनले विजयी भएको थियो । दुईबीचको तेस्रो खेल आइतबार हुनेछ ।

# बार्सिलोनाका फाती ब्राइटनमा

**काठमाडौं (प्रस)–** बार्सिलोनाका फरवार्ड अंशु फाती प्रिमियर लिग क्लब ब्राइटनमा अनुबन्धित भएका छन् । प्रिमियर लिगको क्लब ब्राइटनले फातीलाई लोनमा एक सिजनका लागि अनुबन्धित गरेको हो । फाती बार्सिलोनामा स्थान बनाउन संघर्ष गर्दै आएका थिए ।

ब्राइटनले २० वर्षिय फरवार्डलाई एक सिजनका लागि क्लबमा अनुबन्ध गरेको हो । जसमा किन्न सकिने प्रस्ताव समावेश छैन । टोटनहम समेत फाती अनुबन्धनका लागि इच्छुक थियो । तर फातीले ब्राइटनको खेल्ने शैलीसँग लोभिएर प्रिमियर लिग क्लबमा जाने निर्णय लिएका हुन् ।




पहिलो पटक युरोपा लिगमा छनोट भएको ब्राइटनले युरोपेली फुटबलमा आफ्नो चुनौती पेश गर्दैछ । जसमा उसले समूह चरणमा अजाक्स, मार्सेली र एइके एथेन्ससँग प्रतिस्पर्धा गर्दैछ ।

स्पेनबाट विश्वकप फुटबल टिममा स्थान बनाएका फातीले बार्सिलोनासँग नयाँ सम्झौता गरेका छन् । उनी सन् २०२७ सम्मका लागि बार्सिलोनासँग सम्झौता गरेका छन् । बार्सिलोनाले उनका लागि १ बिलियनको रिलिज क्लब राखेको छ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११२५०० | प्रति तोला - १११९५० | प्रति तोला - १४७० |



**फूल्यो कमल...** सुनसरीको इटहरीस्थित जलाशयमा फुलेको गुलाफी रङको कमलको फूल । *तस्बिर: नवीन गड्तौला/रासस*

# अर्थतन्त्रलाई लयमा ल्याउने कोसिस भइरहेको छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री प्रकाशशरण महतले देशको अर्थतन्त्रलाई लयमा ल्याउने कोसिस भइरहेको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २५औं वार्षिक साधारणसभा तथा अधिवेशनलाई शनिबार काठमाडौंमा सम्बोधन गर्दै अर्थमन्त्री डा महतले सरकारले खस्कँदो अर्थतन्त्रलाई लयमा ल्याउने प्रयास गरिरहेको जानकारी दिए । उनले केही समस्याका बाबजुत आगामी दिनमा अर्थतन्त्र सकारात्मक दिशातर्फ जाने विश्वास व्यक्त गर्दै सरकारको कामप्रति सकारात्मक बन्न आग्रह गरे ।

'अर्थतन्त्रमा केही समस्या आएका छन् । विविध कारणबाट आएका यी समस्याको समाधानको आवश्यकता छ', अर्थमन्त्री डा. महतले भने, 'राज्य संयन्त्रबाट जहाँ कमी कमजोरी भएको छ त्यहाँ सुधारका लागि निरन्तररूपमा लागिपरेका छौं । केही सीमितताका बाबजुद अर्थतन्त्रलाई लयमा ल्याउने कोशिस भइरहेको छ ।'

पर्यटक भित्रिने क्रम बढिरेहको, विदेशी मुद्राको पर्याप्त सञ्चिति र अन्य आर्थिक गतिविधि अघि बढाउनका लागि भएका समस्यालाई सहजीकरण गर्नेतर्फ मन्त्रालय लागिपरेको उनले जानकारी दिए । राजस्व संकल्प अपेक्षाअनुसार नबढे पनि तुलनात्मकरूपमा गत आर्थिक वर्षभन्दा सन्तोषजनक रहेको अर्थमन्त्री डा महतको भनाइ छ ।

राज्यका विभिन्न निकायले लिने निर्णयका कारण आर्थिक गतिविधिमा प्रभाव परेको उल्लेख गर्दै उनले आवश्यकताअनुसार सहजीकरण गर्न सरकार तयार रहेको बताए । अर्थतन्त्र सुधारोन्मुख बनाउन सकारात्मक 'डिस्कोर्स'को आवश्यकता भएको उनले बताएका छन् ।

'राज्य संयन्त्रका सबै अङ्गले एउटै लयमा एउटै लक्ष्यका लागि काम गर्न नसक्दा जानेर नजानेर गर्न नसक्दा पनि समस्या आएका छन्, अर्थमन्त्री डा. महतले भने, 'निजी क्षेत्रमा लगानीको जोखिमलाई वास्तविकताको धरातलमा रहेर यथार्थ मूल्यांकन गर्न आवश्यक छ ।'

निजी क्षेत्रको गतिविधिलाई धेरै माइक्रो म्यानेजमेन्ट गर्नेतर्फ लाग्दा समस्या आउने उल्लेख गर्दै उनले बृहत् नीतिगत 'फ्रेमवर्क' भित्र कार्यान्वयनमा लग्नुको महत्वबारे स्पष्ट पारे । यस्तै निजी क्षेत्रले आत्मनियमन अवलम्बन गर्नुपर्नेमा उनले जोड दिए । छाता सङ्गठनले एउटा मूल्य र मान्यतामा आधारित रहेर काम गर्न आत्म नियमनकर्ताको भूमिका निर्वाह गर्न मन्त्री डा महतको सुझाव छ । वैदेशिक सहयोग लिदा नेपालको आवश्यकता र प्राथमिकताका आधारमा मात्र लिने उनले प्रतिबद्धता व्यक्त गरे ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रले दिएको सुझावलाई कार्यान्वगन गर्न सरकारसँग माग गरे । उनले सरकारी निकामनकारी निकायबाट प्रवाह हुने सूचनालाई सबैको पहुँचमा सहज रूपमा पुऱ्याउनसमेत अर्थमन्त्री डा महतसमक्ष सुझाव प्रस्तुत गरे ।

नेपाल उद्योग परिसङ्घका कार्यबाहक अध्यक्ष वीरेन्द्रप्रसाद पाण्डे र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले खस्कँदो अर्थतन्त्रलाई सुधार गर्न एकजुट भएर अघि बढन् आह्वान गरे । कार्यक्रममा सेजनका संस्थापक अध्यक्ष प्रतीक प्रधानले नविन प्रविधि र सामाजिक सञ्जालको बढ्दो प्रयोग पत्रकारिताका लागि चुनौती बन्ने बताए । उनले इमान्दारपूर्वक व्यावसायिक पत्रकारिता गर्न सुझाव दिँदै सेजनको नेतृत्व चयन निष्पक्ष र स्वच्छ रूपमा सम्पन्न गर्न सुझाव दिए ।

यस्तै सेजनका पूर्वअध्यक्षहरू गोकर्णराज अवस्थी, भीम गौतम र पुष्पराज आचार्य, नेपाल पत्रकार महासङ्घका महासचिव रोसन पुरीलगायतले सेजन र समग्र पत्रकारिताको शुद्धिकरणबारे आ-आफ्नो धारणा राखे ।

# हवाई सेवाको नयाँ मापदण्ड तयार

**काठमाडौं (प्रस)–** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले हवाई सेवा सञ्चालन 'सर्टिफिकेट गाइडलाइन्स'को दशौं संशोधन गर्दै नयाँ मापदण्ड तयार गरेको छ ।


तयार पारिएको नयाँ मापदण्डअनुसार वायु सेवा सञ्चालन गर्न इच्छुक नयाँ कम्पनीसँग अब न्यूनतम तीनवटा जहाज अनिवार्य हुनुपर्ने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का प्रवक्ता जगन्नाथ निरौलाले राससलाई जानकारी दिए । उनका अनुसार सबै वायुसेवा कम्पनीले पाँच वर्षभित्र जहाजको सङ्ख्या न्यूनतम पाँचवटा पुऱ्याउनु पर्नेछ भने यसो गर्न नसक्ने कम्पनी मर्जरमा गए पनि मान्य हुने प्राधिकरणको नीति छ ।

वायुसेवा सञ्चालन गरिरहेका कम्पनीलाई थप जवाफदेही बनाउनुका साथै नयाँ आउने कम्पनीलाई पनि सेवा, शर्त पालना गराउनु प्राधिकरणको उद्देश्य रहेको जनाइएको छ । वायुसेवा कम्पनीका अध्यक्ष, सेयर लगानीकर्ता, कार्यकारी निर्देशक र जिम्मेवार प्राप्त म्यानेजर तथा पोष्ट होल्डरले प्राधिकरण तथा नेपाल सरकारका नीति तथा कार्यविपरीतका क्रियाकलाप सञ्चालन गर्न एवं सो सम्बन्धमा आफ्ना धारणा सार्वजनिकरूपमा व्यक्त गर्न नहुने जनाइएको छ ।

यसैगरी वायुसेवा कम्पनीका जिम्मेवार म्यानेजर तथा पदमा बसेकाले कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वार्थ बाझिने प्रवृत्तिका गतिविधि एवं व्यावसायिक कार्य (जस्तै टुर एन्ड ट्राभल्स) आदिमा संलग्न हुन नपाउने, वायुसवा कम्पनीका अध्यक्ष, सेयर लगानीकर्ता, कार्याकारी निर्देशक तथा जिम्मेवार म्यानेजरले प्राधिकरणले दिने पाइलट तथा मर्मतसम्भारको तालिम लिएको भए सोको अभ्यास व्यावसायिक उडान वा मर्मतसम्भार गतिविधिमा गर्न नापउने व्यवस्था गरिएको छ । पाइलटले उडानबाहेक अन्य व्यावसायिक गतिविधिमा संलग्न रहन नपाउने जनाइएको छ ।

'नो अब्जेक्सन लेटर' पाप्त गरेको न्यूनतम पाँच वर्षको अवधिसम्म सेयर लगानीकर्ताले आफ्नो सेयर बिक्री तथा हस्तान्तरण गर्न नपाउने, प्राधिकरणको स्वीकृतिबिना कुनै पनि सरकारी स्वामित्व एवं निजी वायुसेवा कम्पनीले जिम्मेवार म्यानेजर र पोष्ट हाल्डर नियुक्त गर्न नपाउने, प्राधिकरणले वायुसेवा कम्पनीको अकाउन्टटेबल म्यानेजरको नियुक्ति, आवश्यक न्यूनतम योग्यता, अनुभव तथा अख्तियारी सम्बन्धमा विशेष कार्यविधि जारी गर्ने पनि उक्त दशौं संशोधनमा उल्लेख गरिएको छ ।

# साताको सेयर बजार : नेप्से परिसूचकको ओरालो यात्रा जारी




■ प्रभाव संवाददाता

**काठमाडौं–** यस साता धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचकले ओरालो यात्रा बनाएको छ । कुल चार कारोबार दिनमा तीन दिन घटेको सेयर बजार एक दिन बढेको थियो ।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार सेयर बजारमा यो हप्ता चार दिनमा कुल रु चार अर्ब २४ करोड ६५ लाख २४ हजार नौ सय ३२ बराबरको कारोबार भएको छ । साताको पहिलो दिन आइतबार परिसूचक २० दशमलव ५४ अंकले घटेर एक हजार नौ सय ९३ दशमलव ३८ पुगेको बजारमा रु एक अर्ब २६ करोड २७ लाख ६७ हजार आठ सय ७६ मूल्य बराबरको कारोबार भएको थियो । यस दिन कुल दुई सय ८० कम्पनीका ३८ लाख ९५ हजार दुई सय ३६ इकाई सेयर कारोबार भएका थिए ।

त्यस्तै कारोबारको दोस्रो दिन सोमबार परिसूचक पाँच दशमलव ०९ ले बढेर एक हजार नौ सय ९८ दशमलव ४८ पुगेको बजारमा रु ९८ करोड ८६ लाख २८ हजार पाँच सय ६२ मूल्य बराबराको कारोबार भएको थियो । यस दिन कुल दुई सय ७९ कम्पनीका ३७ लाख ७९ हजार सात सय ३१ कित्ता सेयर कारोबार भएका थिए ।

कारोबारको तेस्रो दिन परिसूचकमा सामान्य अंकको गिरावट देखिएको थियो । मङ्गलबार नेप्से परिसूचक पाँच दशमलव ०५ अंकले घटेर एक हजार नौ सय ९३ दशमलव ४२ अंकमा कायम भएको थियो । यस दिन दुई सय ७८ कम्पनीको ४० लाख छ हजार सात सय ३९ कित्ता सेयर २९ हजार छ सय ४० पटक खरिद बिक्री हुँदा कारोबार रकम रु ८६ करोड ५१ लाख २० हजार चार सय ५२ मा खुम्चिन पुगेको थियो ।

त्यस्तै बुधबारको सेयर कारोबार मापक नेप्से परिसूचक दुई दशमलव ८२ अंकले घटेर एक हजार नौ सय ९० दशमलव ५९ अंकमा कायम भएको छ । कुल दुई सय ७६ कम्पनीको ३८ लाख तीन हजार दुई सय ४४ कित्ता सेयर ३२ हजार दुई सय ९८ पटक खरिद बिक्री हुँदा कारोबार रकम रु एक अर्ब १३ करोड आठ हजार ४१ पुगेको थियो । यस हप्ता जम्मा चार दिन सेयर कारोबार भएको थियो ।

# गुर्जामा स्याउखेतीको परीक्षण सफल

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जामा उच्च घनत्वको स्याउखेतीको परीक्षण सफल भएको छ । गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयले इटलीबाट ल्याएको उच्च घनत्व जातका स्याउका बिरुवा दुई वर्षअघि गुर्जामा रोपिएका थिए ।



गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले स्याउको बोटमा यस वर्षदेखि फल लागेको जानकारी दिए । 'परीक्षणका लागि जोखिम मोलेर स्याउखेती गरिएको थियो', उनले भने, 'सबै बोटमा फल लागेको छ ।' गुर्जाको स्याउखेती भएको ठाउँको उचाइ समुद्री सतहदेखि दुई हजार सात सय मिटर छ ।

गुर्जाको हिमाली कृषि सहकारी संस्थाले बाँझो जमिनको झाडी फाँडेर घेराबार गरी स्याउको बगैंचा बनाएको थियो । नाइलीबाङमा २६ कृषकले करिब २० रोपनी जग्गामा स्याउखेती गरेका हुन् । अन्यत्र यही उचाइमा खेती सफल भएकाले गुर्जामा पनि स्याउखेती गरिएको थियो । गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयको ५० प्रतिशत अनुदान सहयोगमा आर्थिक वर्ष २०७८/७९ मा सात सय उच्च घनत्वको स्याउको कलमी बिरुवा लगाइएको थियो ।

आव २०७७/७८ मा कृषि ज्ञान केन्द्रको ५० प्रतिशत अनुदान सहयोगमा दुई सय ५६ र वडाको प्रस्तावमा गाउँपालिकाको ७५ प्रतिशत अनुदानमा पाँच सय ९२ बिरुवा रोपिएका थिए । कृषि ज्ञान केन्द्रका प्राविधिक श्यामशरण कुर्मीले गुर्जामा जिल्लामै पहिलोपटक स्याउखेतीको परीक्षण सफल भएको बताए । 'हावापानी, वातावरण र अनुकुल भूगोल भएकाले गत वर्षदेखि गुर्जामा उच्च घनत्वको स्याउखेती थालिएको थियो', उनले भने, 'छिटो फल्ने, धेरै उत्पादन दिने, फल टिप्न र खेती गर्न सजिलो हुने उच्च घनत्वको स्याउखेती विस्तारको सम्भावना बढेको छ ।'

यसअघि गुर्जामा स्थानीय जातको स्याउखेती गरिए पनि अपेक्षाकृत सफलता हासिल भएको थिएन । 'पुराना र परम्परागत रैथाने स्याउका बोटले उत्पादन तथा गुणस्तरीय स्याउ फलाउन छाडेपछि त्यसको साटो छिटो फल्ने उच्च घनत्वको स्याउ बिरुवा लगाउन थालिएको हो', वडाध्यक्ष छन्त्यालले भने, 'उच्च घनत्वको स्याउखेती विस्तार गरेर गुर्जामा खेर गइरहेको बाँझो जमिनको सदुपयोग गर्न र कृषकको आम्दानी बढाउन जोड दिन्छौं ।'


**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,

- भुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडा जस्ता पशुपन्छीहरू व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ